# अध्याय एक

# परिचय

## १.१ पृष्ठभुमि

विश्वको आधा जनसख्यां ओगटेका महिलाहरुको विकास बिना समग्र विश्वको विकास हुन सक्दैन । यसमा पनि नेपालको कुरा गर्दा नेपालको जनगणना २०६८ अनुसार देशको कुल जनसख्या मध्ये ५१ प्रतिशत जनसख्यां महिला रहेका छन । कुनै पनि समाजमा महिला र पुरुष एक सिक्काका दुई पाटा हुन तर पनि महिलालाई दोस्रो दर्जामा राखिएको छ । कुनै पनि क्षेत्रको विकासका लागि एउटाको अनुपस्थितिमा त्यस क्षेत्रले कुनै पनि किसिमको विकासको गति लिन सक्दैन । मानव विकासको इतिहासदेखि हालसम्मको अध्ययनमा विश्वको परिप्रेक्षमा महिलाहरुको सामाजिक, आर्थिक अवस्था, स्थान, शिक्षा, स्वास्थ्य रोजगार, हकअधिकार र समाबेशीका बारेमा धेरै सवालहरु उठिसकेका छन । महिला विकास र हकअधिकारका कुरा उठाउनका लागि सन् १९७५ देखि नै विश्व महिला सम्मेलन हुदै आईरहेका छन । महिलाहरुको मानवअधिकार सुरक्षित गर्नका लागि संयुक्त राष्ट्रसंघले सन १९७९ मा जारी गरेको महिलामाथि हुने सवै खालका विवेध विरुद्धको महासन्धी जारी गरेको छ । साथै, सन १९९५ मा चिनको वेईजिङ्गमा आयोजना भएको चौथो विश्व महिला सम्मेलनले पनि महिला सम्वन्धी वेईजिङ्गमा घोषणापत्र तथा कार्ययोजना जारी गरेको छ । यि दस्तावेजहरुलाई आधार मानेर नेपाल सरकारले पनि महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागि संवैधानिक, कानुनी तथा संयन्त्रगत व्यवस्था गरेको छ । (MWCS ,2014)

नेपालको ८५ प्रतिशत भन्दा बढि मानिसहरु ग्रामिण क्षेत्रमा बसोबास गर्दछन, शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा त्यँहाको बिभिन्न चालचलन, रितिरिवाज, परम्परा, सस्कृति, मुल्यमान्यता इत्यादिका कारणले गर्दा पुरुषहरुको तुलनामा महिलाहरुलाई कम महत्व दिइन्छ । यसको कारणको मुख्य जड भनेको हाम्रो नेपाली समाजको पितृसत्तात्मक सोच तथा पुरुषप्रधान समाज हो ।

यी सामान्य महिलाहरुमाथि त यस्तो अन्याय हुन्छ भने अझै जसले आफनो श्रीमान गुमाएका विधवा महिलाहरु छन तिनिहरुमाथि झन कस्तो किसिमको अन्याय होला? हाम्रो पुरुषप्रधान समाजमा विधवा महिलाहरु अझै खराब अवस्थामा छन । एकल महिलाहरुलाई

अलक्षिनको रुपमा हेरिन्छ र उनीहरुको श्रीमानको मृत्युको दोष पनि उनैमाथि थोपारिन्छ । त्यसकारणले गर्दा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोण पनि हाम्रो नेपालमा राम्रो रहेको छैन भने विधवा भैसके पछि उनलाई आफनो परिवारले समेत साथ छोडेको हाम्रो समाजमा प्रशस्त उदाहरणहरु पाइन्छ । यसकारणले गर्दा विधवा महिलाहरु त झन दोहोरो बिभेद खेपिरहेका छन,एकातिर उनिहरु महिला भएकै कारणले आफनो हक अधिकारबाट बन्चित छन भने अर्कोतिर उनिहरु श्रीमान बितेका महिलाहरु हुन , यसले गर्दा उनिहरुको पीडा थप बढन जान्छ र समाजमा आफ्नो स्थान नभएको महशुस गरिरहेका छन, यस्तो सर्न्दभमा विधवा महिलाहरुले आर्थिक गतिबिधिहरुमा पनि धेरै नै समस्या भोगीरहेका छन ।

सानै उमेरमा विधवा भए पनि त्यो उमेरमा विधवा महिलाहरु पुनर्विवाह प्रति अनबिज्ञ भएको तर पुनर्विवाह गर भनेर परिवारले साथ दिएको भए बिहे गर्ने इच्छा भएको,बालबच्चा ठुला हुदै जादाँ एकलपना भएको अनुभवका कारण पनि पुनर्विवाह गरेको भए हुन्थ्यो कि भन्ने सोच पनि कतिपय विधवा महिलालाई लाग्न सक्छ । उनिहरु मनोवैज्ञानिक आघात र समाजबाट मानसिक बिभेदको सामना गरिरहेका त छन् नै भने अर्कोतर्फ रोजगारीका अवसरहरू नहुनु,, बजारमा सीमित पहुँच, ऋण र परिवारको आर्थिक उन्नतिका लागि मजदूरीको गर्न उनीहरूलाई अनौपचारिक क्षेत्रहरूमा काम गर्न बाध्य पारिन्छ । जहाँ उनिहरुले मजदुरी गरीरहेका हुन्छन,त्यहाँ पनि उनिहरूको कमजोर स्थितिको फाइदा उठाउदै उनीहरूको शोषण, हिंसा र दुर्ब्यबहारको लागि कमजोर बनाइन्छ ।

## १.२ समस्याको कथन

समय अन्यन्तै गतिशिल रहेको छ । यो गतिसगैं मानिसहरुले आफुलाई बिभिन्न कोणबाट र विभिन्न अवस्थामा सक्षम बनाउन आवश्यक हुन्छ । समाज विकाश निर्माण प्रक्रिया साथै समाजका हरेक नितिनिर्माण तथा कार्यान्वय तहमा पनि पुरुष र महिला बराबरको भुमिका रहन्छ ।

नेपाली विधवा महिलाहरु धर्मका नाममा अस्वभाबिक रुपमा लादिनु परेको छ । एकातिर महिलाहरु हिन्दु धर्म अनुसार दुर्गा, लक्ष्मी, सरस्वतिको अवतार हो भनेर मानिन्छन भने अर्कातिर विधवा महिलाहरुलाई अलक्षिन, बोक्सी, चुडेल, राडि,डायन भनेर उनिहरुमाथि नै अमानबिय ब्यबहार गरिन्छ । लैगिंक असमानताका कारणले नेपाली महिलाहरूको आर्थिक अबस्था एकदमै दयनिय रहेको छ,यसमा पनि विधवा महिलाहरुको आर्थिक अबस्था त

एकदमै नाजुक रहेको छ । समग्र गरीबी निवारण र घरपरिवारको पूंजी संरचनामा सुधार गर्न को लागि पनि महिलाहरुको जीवनको गुणस्तर बढाउन आवश्यक रहेको छ । महिलाहरुको आफनो आत्मसम्मानका लागि उनीहरूको सामाजिक पहिचान र लैङ्गिक भूमिकाहरूमा सकारात्मक परिवर्तन हुन जरुरी छ । आज पनि हाम्रो समाजमा लैगिंक असमानताको कारण महिलाहरु विरुद्ध हिंसा र परिवारको बीचमा माया र आदरमा ह्रास हुदै गइरहेको छ । यसकारण विश्वब्यापी रुपमा महिला हक अधिकार र समानताका कुरा गरिरहदा एकल महिलाहरुले पनि निष्कलंक र स्वच्छ रुपमा आफनो जिवन सम्मान रुपमा बाच्न पाइरहेका छैनन । नेपाल सरकारले महिलासम्बन्धी ल्याएको केहि नितिनियम र मापदण्डका कारणले केहि हक अधिकार त पाएका छन तर विधवा महिलाहरुले यसमा आफनो हक अधिकार सुनिश्चित हुने देखेका छैनन । (लोहनी,२०१०)

विधवा महिलाहरुलाई बिरामीको जस्तो ब्यबहार गरिन्छ र यसकारणले गर्दा यस्तो समस्या किन र के कारणले गर्दा भैरहेको छ भन्ने कुराको हल खोज्नु जरुरी छ । कुनै पनि समाज तथा घरपरिवारमा विधवा महिला प्रतिको दृष्टिकोण के कस्तो रहेको छ र राज्यका हरेक तह र तप्कामा पनि विधवा महिलाहरुका हक अधिकार सुनिश्चितका लागी के कस्तो निति निर्माण र कार्यन्वयन भैरहेको छ भनेर सवाल उठाउनु आजको आवश्यकता रहेको छ । यो अबस्थामा केहि परिवर्तन ल्याउन सकिन्छ वा सकिदैन भनेर खोजी गर्नु पनि महत्वपुर्ण चुनौतिको विषय भएको छ ।

## विवाह

विवाह के हो भन्ने सम्बन्धमा एउटै र सर्वमान्य परिभाषा पाउन सकिदैन । कुनै पनि समाजमा विवाहलाई एउटा आधारभुत सामाजिक संस्थाको रुपमा लिइन्छ । प्रत्येक समय र समाजमा विवाहले दुइवटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गहरुको सामाजिक स्विकृत सम्बन्ध हो भने अर्को यसै सम्बन्धका आधारमा बैधानिक रुपमा तिनीहरु यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउन सक्ने सामाजिक स्वीकृत हो । यसपछि नै बालबच्चाको पालनपोषण र सामाजिकरणमा उनिहरुको दायित्व जोडिएको हुन्छ ।

## विवाहका प्रकार

वि.स २०२० सालमा जारी भएको मुलुकी ऐनले बालविवाह,वहुविवाह र अनमेल विवाह

जस्ता प्रथालाई रोक लगायो । पुराना कुरीति,कुप्रथा,अन्धविश्वास र परापुर्वकाल देखि चलि आएका कानुनी प्रावधानको उन्मुलन गर्‍यो । वि.स २०५९ मा भएको एघारौँ संसोधनले पैतृक सम्पत्तिको समान अधिकारको व्यवस्था गरेको छ । त्यस्तै गरी महिला माथि हुने असमानतालाई हटाउन २०५२ सालमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना आ.व.२०५७/२०५८ मा महिला विकास विभागको गठन आदि साथै बेलाबेलामा तर्जुमा भएका राष्ट्रिय कानुन र न्यायिक निर्णय विभिन्न योजना तथा नीतिहरुले समेत महिलाको पक्षमा विशेष व्यवस्थाको अवधारणालाई अङ्गिकार गरेको छ । महिलाको उत्थान र विकासको उद्देश्यले सारभुत समानताको सिद्धान्तमा आधारित भई बनेका १५० वटा कानुनी व्यवस्थाहरु पहिचान गरिएका छन । **(शर्मा पौडेल,२०६९)**

## बालविवाह

कुनै पनि देशको कानुनले निर्धारण गरेको उमेर भन्दा कम उमेरका बालबालिकाको विवाहलाई बाल विवाह भनिन्छ । यस्तो विवाह बालबालिकाहरु बीचमा वा वयस्क र बालबालिकाबीचमा हुन सक्छ । नेपालको मुलुकी ऐनले विवाहका बारेमा व्याख्या गरेको छ । जसअनुसार सरंक्षकको मन्जुरी भएमा १८ वर्ष पुगेपछि र सरंक्षकको मन्जुरी नभएमा वा दर्ता विवाहको लागी २० वर्ष कटेको हुनुपर्दछ । **(शर्मा पौडेल,२०६९)**

## अनमेल विवाह

केटा र केटीको उमेर अन्तरमा भएको विवाहलाई अनमेल विवाह भनिन्छ । आज भन्दा केही सय वर्ष अघी पनि यो चलन थियो । आज भोली यो चलन हराउदै गएको छ । यस विवाहमा केटा र केटी विचको उमेर २० वर्ष भन्दा माथि हुन्छ । **(शर्मा पौडेल,२०६९)**

## वहु विवाह

कुनै पुरुषले एक भन्दा वढी विवाह गरेमा वा एक महिलाले एक भन्दा वढी श्रीमान राखेमा त्यस अवस्थालाई वहु विवाहको अवस्था भनिन्छ । केही समय अघि सम्म वहु विवाह समाजमा सामान्य प्रचलन थियो । तर, हाल कानुनले वहुविवाहलाई वर्जित गरेको छ । यदि कसैले बहुविवाह गरेमा जनहि एक वर्षदेखि ३ वर्षसम्म कैद र ५ हजारदेखि २५ हजार रुपैयासम्म जरिवाना हुने व्यवस्था मुलुकी ऐनले गरेको छ । कानुनले वर्जित गरेपनि हिमाली

भेगका हुम्ला, जुम्ला जस्ता जिल्लाहरुमा सेर्पा जातीका महिलाहरुले वहु पति राख्ने चलन अहिले पनि विद्यमान छ । कानुनले वहु विवाह गर्नेलाई एक वर्ष जेल र १० हजार रुपैया जरीवाना तिराउनु तथा समाजको चेतना वढ्नुले हाल वहु विवाहको चलन प्राय नगन्य छ । (**शर्मा पौडेल,२०६९**)

## पितृसत्ता

समाजका मुल्य, मान्यता, संस्कती र पराम्परा पुरुषलाई प्रधान मानिएर निर्माण गरिएको अवस्थालाई पितृसत्ता भनिन्छ । यस सत्तामा महिला र पुरुषको श्रम विभाजन गरिएको हुन्छ । सामान्यता, महिलाहरुलाई घर भित्रको कार्यमा कैद गरिएको हुन्छ भने पुरुषहरुलाई घर वाहिरको काम दिईएको हुन्छ । यस सत्तामा शक्ति, स्रोत र सम्पती पुरुषमा केन्द्रित गरिएको हुन्छ । नेपाली समाज पितृसतात्मक समाज हो । यसको कारणले गर्दा महिलाहरु आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपले पिडित छन । समाजले विधुवा महिलाहरुलाई हेर्ने दृष्टिकोण पनि यही पितृसत्तावाट निर्देसित छ । यस सत्ताले विधुवा महिलालाई कमजोर र पुर्नजन्मको पापको रुपमा व्यख्या गर्दछ । (**शर्मा पौडेल,२०६९**)

## विधवा र पुर्नविवाह

नेपाली समाजको सिङ्गो प्रबृत्तिलाई हेर्दा विधवा विवाहको प्रचलन अति न्युन छ वा छैन भन्न सकिन्छ । यसमा समाजको सकरात्मक मुल्याङ्कन रहेको देखिदैन । कतिपय अवस्थामा सानै उमेरमा विधवा भएपछि मरेकै पतिका नाममा सामाजिक संस्कार अनुसार महिलाले लामो समयसम्म एक्लो जीवन विताएका छन । यो रहर भन्दा पनि सामाजिक बाध्यता हो । अर्कातिर स्वास्नी मरेपछि विदुर भएका लोग्नेले स्वास्नी मरेको एक वर्ष पनि बित्न नपाउदै पुनर्विवाह गरेका प्रसस्तै उदाहरणहरु भेटिन्छन । यसैले नेपाली समाजमा पुनर्विवाहको सर्न्दभमा कुरा गर्दा महिलालाई सामाजिक छुट छैन तर पुरुषलाई छुट देखिन्छ । यसबाट के बुझिन्छ भने नेपाली समाजमा महिलाको स्थिति दयनिय छ । महिलाहरुलाई पैत्रिक सम्पत्तिको हक नहुनु र पितृसत्तात्मक परिवारको प्रभुत्वशाली प्रकृति र व्यवहार यस अवस्थाका मुल कारण हुन । विधवा बुहारी छ भने घरका सासु ससुराले छोरी सरह पुनर्विवाह गरिदिने प्रचलन बसाल्न सके महिला प्रति हेरीने नकरात्मक दृष्टिमा केही सुधार आउथ्यो की । विधवा हुनु कसैको रहर नभई बाध्यता भएकाले यसप्रति केही सकरात्मक

सोचाईको विकास भएको छ । खासगरी  नारी आन्दोलन, विश्वव्यापी शिक्षाको विकास, धार्मिक कट्टरतामा लचक अवधारणाको विकास,कानुनी सुधार,मानवीयताको विकास,सामाजिक अवधारणाको विश्लेषण आदि कारणलाई महत्वपुर्ण मान्न सकिन्छ । (**श्रेष्ठ र आचार्य ,२०६७** )

## हिन्दु र पुनर्विवाह

हिन्दुहरुमा विधवाको प्रचलन छैन । यद्यपि कसैसगँ पल्किएर वा कुनै उमेरले जेठो , छोराछोरी नभएको वा विदुरले आ आफ्नै तरिकाले भगाएर विवाह गरेको देखिन्छ । विधवा विवाहलाई समाजले मान्यता दिनु पर्दछ कि पर्दैन भन्ने सम्बन्धमा विविध मत पाइन्छ । यदि कसैका छोराछोरी छैनन र हुर्किएका छन भने विधवा विवाह उचित पाइन्छ । अन्यथा नावालकको सरंक्षणको जिम्मा कसले लिने यो समस्या हुन पनि सक्छ भन्ने दृष्टिकोण पनि छ । तर पशिचमी समाजमा विधवा विवाह र सम्बन्ध विच्छेदलाई सामान्य रुपमा लिइन्छ । यस्तो अवस्थामा उनिहरु स्वतन्त्र हुन्छन । (**शर्मा,२०३९:३०२**)

## राई र पुनर्विवाह

राई जातिमा भाउजु बेहोर्ने चलन छ । सहोदर दाजुकी श्रीमती अर्थात भाउजु विधवा छ भने त्यस्ती भाउजु लगेमा राई समाजमा वात कसुर लाग्दैन । (**शर्मा,२०३९:३०२**)

## तामाङ्ग र पुनर्विवाह

तामाङ्ग परम्पराले विधवा विवाहलाई पनि सामाजिक मान्यता दिएको छ । तामाङ्ग समाजमा स्वास्नी मानिस जतिपटक पनि विवाह गर्न स्वतन्त्र छन । विधवाले आफ्नो देवरसगँ विवाह गर्न सक्छन । (**तामाङ्ग,२०५१: १४८**)

समाज गतिशिल छ,कुनै पनि समाजमा त्यहाँको राजनैतिक वातावरण,उद्योग धन्दा,शैक्षिक स्थिती, आधुनिकता, संविधान, हक ,अधिकार, समानता, विवाहको उमेर जात, धर्म, वर्ग, संस्कृति आदिले प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसकारण पनि विधवा विवाहमा पनि सकरात्मक रुपमा परिवर्तन आएको छ ।

यस्तो परिस्थितिमा एकल महिलाहरुको पुनर्विवाह सम्बन्धि के कस्तो परिवर्तन आएको छ ?, समाज तथा परिवारको सोच तथा धारणा कस्तो छ ? र स्वयं विधवा महिलाहरुको

पुनर्विवाह सम्बन्धि कस्तो धारणा रहेको छ र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन , विधवाहरुलाई हेर्ने सामाजिक तथा पारिवारिक दृष्टिकोण कस्तो रहेको छ र आगामि दिनमा विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि सकरात्मक धारणा बढाउनका लागी र त्यी कारणहरुका उत्तरहरु माथि समिक्षा गर्नका लागी निति निर्माण तहमा के कस्तो पहल तथा वकालत गर्न सकिन्छ भन्ने जस्ता अनुसन्धनात्मक प्रश्नमा केन्द्रित भई यो शोधकार्यका लागी यो विषयवस्तु छानिएको हो ।

यस अध्ययनमा निम्न प्रश्नहरुको उत्तर खोजिएको छ ।

- विधवा एकल महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणाहरु के कस्तो रहेको छ ?
- विधवा एकल महिलाहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन ?

## १.३ अध्ययनको उद्देश्य

कुनैपनि विषयको अनुसन्धान कार्यमा उद्देश्यहरुको निर्धारण गर्दा विशेष ध्यान पुर्‍याउनु पर्दछ । अध्ययनमा ब्यापक रुपमा उद्देश्यहरु समेटिएमा निष्कर्षमा पुग्नका लागी कठिन हुन्छ,त्यसकारणले उद्देश्यहरु निर्धारण गर्दा सहजै तथ्य पत्ता लगाउन सकिने खालको हुनुपर्दछ । यस अनुसन्धान कार्यमा पनि विधवा महिलाहरुको विवाह सम्बन्धि धारणाहरु र उनिहरुले विवाह नगर्नु पछाडिका कारणहरुको बारेमा जानकारी लिनका लागी उद्देश्यहरु निर्माण गरिएको छ । जुन निम्न अनुसार रहेका छन :

- अध्ययन क्षेत्रका विधवा महिलाहरुको पुनर्विवाहसम्वन्धि धारणा पत्ता लगाउने ।
- अध्ययन क्षेत्रका बिधवा महिलाहरुले पुनर्विवाह नगर्नुका कारणहरु बिश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाली समाज एक पितृसत्तात्मक सोचबाट अगाडि बढिरहेको छ । महिलाहरुलाई हरेक काममा अगाडि बढन दिदैन साथै निर्णायक भुमिका निवार्ह गर्नबाट बन्चित गर्दछ । श्रीमान हुदाँहुदैको अवस्थामा पनि महिलाहरु निरिह तथा बन्देजको जिवन बिताउन वाध्य छन भने कुनै पनि समाजका जसले आफ्नो श्रीमान गुमाएर एक्लो जिन्दगी बिताउन बाध्य छन

तिनको झन के हालत होला । त्यसकारण कुनै पनि समाजका एकल विधवा महिलाहरुकलाई त्यहाँको समाज र उनिहरुको परिवारले के कस्तो रुपमा हेरिरहेको छ भनेर अध्ययन गर्नु अत्यन्तै आवश्यक रहेको छ । यसै गरी गरिएका अध्ययनहरुबाट नै एकल महिलाहरुका वास्तविक अध्ययन गरी समस्याको जड सम्म पुगेर त्यसको समाधान गर्नका लागी मद्दत पुग्दछ । विधवा महिलाहरुको पुर्नविवाह सम्बन्धि धारणा के रहेको छ र पुर्नविवाह नगर्नुका कारणहरुका बारेमा जानकारी लिनका लागी यो विषयको छनोट गरिएको हो । एकल विधवा महिलाहरुलाई समाजले कस्तो दृष्टिकोणबाट हेर्दछ र उनिहरु विधवा हुनु भन्दा अगाडिको अवस्था र पछिको अवस्थामा के फरक रहेको छ त भनेर पनि अध्ययन गरिनेछ ।

यसबाहेक कानुन, नीतिनिर्माण तथा त्यसका कार्यन्वयनमा पनि महिलाहरुको अर्थपुर्ण सहभागीता छैन जसले गर्दा नेपाली महिलाहरुले अन्य देशका महिलाहरुले भन्दा थप चुनौति र समस्याहरु भेग्नुपरेको छ । जस्तै बालविवाह, निरक्षरता, गरिबि र अन्य सामाजिक बन्देजले गर्दा उनिहरुको आर्थिक जिबन थप कष्टकर बनेको छ । नेपाली समाजमा महिलाहरुलाई घरधन्दाको काममा, बालबच्चाको स्याहारसुसार कार्यमा र अन्य तल्लो दर्जाको कामको मात्र जिम्मेवारी दिएको छ र त्यसैगरी महिलाहरुलाई कुनै निर्णय प्रक्रियामा सहभागी गराइदैन । (**पौडेल, २००८**)

यस अध्ययनले बिशेष गरी पो.ले.म.न.पा. वार्ड नं. ५ मा रहेका विधवा एकल महिलाहरुको पुनर्विवाह सम्बन्धीको धारणा के छ र उनिहरुले पुनर्विवाह नगर्नु पछाडिका कारणहरु के के रहेका छन भन्ने बिषयको अनुसन्धान गर्नेछ र यस विषयमा अनुसन्धनात्मक प्रश्नहरु उठान गर्न आवश्यक रहेको छ । यस अध्ययनले साहित्यमा थप ज्ञान दिनेछ र सामाजिक रुपमा एकल विधवा महिलाहरुको विवाह सम्बन्धि धारणा र कारणहरु के के रहेका छन भन्ने कुराको विश्लेषणले उनीहरुको सोच तथा मानसिकता सुधार गर्न नीतिगत वकालत गर्नका लागि यस अध्यनले महत्पुर्ण भुमिका खेल्दछ साथै आगामि दिनहरुमा यस विषयमा केन्द्रित रहेर थप जानकारी लिन चाहनेका लागी मार्ग निर्देशन गर्दछ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानको आफनै सिमा र परिधि रहेका हुन्छन । यहि सिमाहरुको आधारमा अध्ययनलाई सिमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैब निश्चित

अबधि, निश्चित ठाउँ र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुदाँ अनुसन्धान कार्यको मुल्य मान्यता र अबधारणा अबश्य पनि हुन्छ । त्यसैले यो अनुसन्धान कार्य पनि निश्चित सिमाभित्र मात्र परिणाम र निष्कर्ष स्वीकारयोग्य हुन्छ ।

यो अनुसन्धान निश्चित सिमाभित्र रहेर सिमित समयमा पोखरा लेखनाथ महानगरपालिकाको वडा नं ५ मा रहेका ५३ जना बिधवा महिलाहरुको अन्र्तवार्ता लिईनेछ । साथै यो अध्ययनले देशको समग्र एकल महिलाहरुको पुनर्विवाह सम्बन्धी धारणा र पुनर्विवाह नगर्नुका कारणहरुलाई भने प्रतिबिम्बित गर्न भने सक्दैन । यो अध्ययनमा बिधवा भएका एकल महिलाहरुको पुनर्विवाह सम्बन्धी धारणा र पुनर्विवाह नगर्नुका कारणहरुहरुको समीक्षात्मक मूल्याङ्कन, सकारात्मक विभेद सम्बन्धी नीतिगत अवधारणा र महिला पुनर्विवाहमा रहेका चुनौतीहरु पहिचान गरी सुधारका लागि सुझावहरु प्रस्तुत गर्ने कार्यसम्मको क्षेत्र निर्धारण गरिएको छ ।

## १.६ अध्ययनको सगंठन

यस शोधपत्र लाई ६ अध्यायमा बिभाजन गरिएको छ । जस अन्र्तगत पहिलो अध्यायमा पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा, अध्ययनको सगंठन शिर्षकलाई समाबेश गरिएको छ । दोस्रो अध्यायमा पुर्व साहित्य समिक्षा राखिएको छ । जस अन्र्तगत अध्ययनसगँ सम्बन्धीत अबधारणात्मक पुनरावलोकन, सैद्धान्तिक पुनरावलोकन र पुर्बसाहित्यको समिक्षाको बारेमा ब्याख्या गरिएको छ । अध्याय तिनमा यस अध्ययनको अनुसन्धान पद्धति र औचित्यलाई समेटिएको छ, जसअन्र्तगत अनुसन्धान क्षेत्रको छनौटको औचित्य, अनुसन्धानको ढाचाँ, सुचनाको प्रकृति र स्रोत जस अन्र्तगत बिभिन्न उपशिर्षकहरु, कार्यक्षेत्र र नमुना छनोट विधि, तथ्याकं सकंलन बिधि जस अन्र्तगत बिभिन्न उपशिर्षकहरु र अन्त्यमा तथ्याकं प्रस्तुतिकरण र बिश्लेषणको बारेमा समाबेश गरिएको छ,चार अध्याय अन्र्तगत उत्तरदाताको सामाजिक तथा जनसांख्यिक विशेषताको आधारमा विवरण , अध्याय ५ मा एकल विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धिका धारणाहरु र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरुको विश्लेषण अनुसार तालिकाहरुमा विस्तृत गरिएको छ भने अध्याय ६ मा साराशं र निष्कर्ष राखिएको छ र अन्त्यमा सन्र्दभग्रन्थ सुचि र अनुसुची राखिएको छ ।

# अध्याय दुई

# पुर्वसाहित्यको समिक्षा

## २.१ अवधारणात्मक पुनरावलोकन

यो विधुवापना भन्ने अवस्था वैदिककाल भन्दा अगाडी देखी चल्दै आएको हो । विधवा शब्द बैदिक भाषाबाट शुरु भएको पाईन्छ र पछि गएर इण्डो युरोपियन भाषा भएको मान्यता छ । युरोपियन भाषाहरुमा यो शब्द प्रति एकरुपता जस्तै पान्छ । ल्याटिन भाषामा बिदवा, इटालियनमा बदवा, स्पेनिसमा बिउदा, फ्रेन्चमा बढँ, रसियनमा बिदोला, जर्मनमा बितुवा, पर्सियनमा वंवा भन्ने प्रचलन रहेको पाइन्छ । नेपालमा पनि यस्ता महिलाहरुलाई बिधवा वा बिधवी भन्ने चलन छ भने नेपालकै बिभिन्न जातजातिमा आफनै भाषा अनुकुल यसलाई बिभिन्न नाम दिएको पाइन्छ । तराईको मैथिलि समाजमा श्रीमानको मृत्यु भएका महिलाहरुलाई राडी भनेर पनि भनिन्छ, जुन नेपाली भाषामा तल्लो स्तरको अपहेलित शब्द मानिने गरिन्छ । **(थापा, २०६२)**

दिल्ली युनिभर्सीटीका प्रोफेसर डाक्टर श्रीवास्तवले भिक्टिम अफ डिस्क्रिमिनेसन भन्ने लेखमा श्रीमानको मृत्यु भईसकेको महिलालाई विधुवा भनेर परिभाषा गरेका छन । उनले महिलाहरुको लागि जसको पति मृत भएको प्रतीकात्मक पहिचान हो उ भिधा वा “विधवा“ हो भनेर ब्याख्या गरेका छन । यो शव्द वैदिक लेखहरुमा पनि उल्लेख भएको पाईन्छ । विश्वमा यती धेरै विकास पछि पनि विधवा महिलाहरुलाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन भएको छैन । नेपाली समाजमा आज पनि विधवा महिलाहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छैन ।

संयुक्त राष्ट्र संघको सन १९५४ को साधारण सभाले महिलाहरु प्रति हुने कानुनी, परम्परागत एवं व्यवहारिक भेदभाव अन्त्य गर्न सबै सदस्य राष्ट्रलाई आव्हान गरेका थिए । तत्पश्चात महिला माथि हुने भेदभाव अन्त्य गर्ने घोषणा भएको थियो । विश्व समुदायलाई महिला वर्गको महत्व र देशलाई तिनको विकास तर्फ संवेदशील भएर सोच्न सन १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष घोषणा गरी विश्वभर अन्तर्राषट्रिय नारी दिवस मनाउन आव्हान गरे अनुरुप नै हालसम्म विश्वभर मार्च ८ तारिखका दिन सो दिवस विविध कार्यक्रमका साथ मनाउँदै आइरहेको छ । विश्वमा महिलाको विकासको लागि विविध क्षेत्रका

महिलाहरुको सहभागिता गराई ठोस मार्ग दर्शन निकाल्ने उद्देश्यले सन १९७६ देखि १९८५ लाई महिला दशकको रुपमा घोषणा गरेको थियो । सोहि तारिकाले अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सेमिनार, गोष्ठी, कार्यक्रम, संचालन भइरहेको पाइन्छ भने यस क्षेत्रको विकासको लागि बहुसंख्यक अन्तर्राष्ट्रिय संघ,संगठन कार्यरत रही महिलाको विविध पक्षको विकासको विभिन्न एजेण्डा, नीति, सन्धी, सम्झौता समेत प्रयोगमा आइरहेका छन । यसै सन्दर्भमा महिला विकासका लागि थुप्रै अवधारणाहरु पनि प्रतिपादन भएका छन । त्यस्ता अवधारणाहरु निम्नानुसार रहेको देखिन्छ । (**संयुक्त राष्ट्र संघको रिपोर्ट, १९७५**)

## विधवा सम्बन्धि प्राचिन नियमः

हिन्दु धर्मशाास्त्र अनुसार स्त्रीलाई पुरुषको अर्धाङ्गीनीको रुपमा मानिन्थ्यो । रामायणमा सुनको मृगपछि लागेका राम धेरै बेर फर्कि नआई “हाय लक्ष्मण म मरे” भन्ने आवाज आउदा सीताले कुटीमा सगैं बसेका लक्ष्मणलाई “दाजु मरे मलाई पाउलाँ भनी आशा गरेका हौला” भन्ने प्रसगंले प्राचीन हिन्दु समाजमा विधवा भाउजुको देवरसगँ पुन विवाह हुने गरेको पाइन्छ । त्यसैगरी बाली मरेपछि ताराको देवर सुग्रिवसगँ विवाह भएको पाइन्छ । तर पछिल्लो समयमा आएर विधवालाई अमगंल देख्न थालेको र विधवा विवाहमा प्रतिबन्ध लगाएको पाइन्छ । (**श्रेष्ठ र आचार्य ,२०६७** )

## महिलावादि अवधारणा

महिलाबादि अवधारणा यस्तो किसिमको अवधारणा हो जसले महिला र पुरुषको स्थान र भुमिकामा सांस्कतिक रुपले स्थापित प्रक्रियाको अध्ययन गर्दछ । मुख्यतया महिलाबादि सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा आर्थिक, सामाजिक ,राजनैतिक ब्यबस्थाबाट सृजना हुने सामाजिक तथ्य हो भन्ने कुराको उजागर गर्दछ । फेमिनिज्म (महिलावाद) सवै भन्दा पहिला फान्सका काल्पनिक समाजवादी चाल्स फुरेयरले सन १८३७ मा प्रयोग गरेका थिए । यो शव्द पछि सन १९७२ मा फान्स र नेदरल्याण्डमा देखा पर्यो । वेलायतमा सन १८९० मा देखा पर्यो भने अमेरिकमा सन १९१० मा उत्पन्न भयो । महिलावाद भनेको राजनीतिक, शैद्धान्तिक र सामाजिक आन्दोलन हो । यसले लिङ्गका आधारमा विवेध नगरीकन महिला र पुरुषलाई समानरुपमा आर्थिक, सामाजिक, सांस्कृतिक र सामाजिक अधिकारको प्राप्ति हुनु पर्नेमा वकालत तथा पैरवी गर्दछ

। महिलावादी आन्दोलन हाल सम्म महिलाको अधिकार सुनिश्चित गर्नका लागि मात्र केन्द्रित भएको छ । तर, पुरुषहरु पनि समाजले श्रृजना गरेको लैङ्गिक भुमिकाले उत्पिडनमा परेको हुनाले पुरुषहरुको मुक्तिको लागि महिला आन्दोलन केन्द्रित हुन पर्दछ । महिलावादी आन्दोलन मुलतया पश्चिमवाट सुरु भएको हुदा यस्का तिनवटा चरणहरु छन । पहिलो चरण महिलाहरुको राजनीतिक मताधिकारको हो । १९ औ शताव्दीको अन्त्य र २० औं शताव्दीको सुरुमा यो चरणको आन्दोलन भएको थियो । सन १९६० को दशक पछि महिला मुक्तिको आन्दोलन सुरु भयो । यस चरणमा महिला अधिकारकर्मीहरुले मुलतया महिलाहरुको कानुनी  र समाजिक समानतामा जोड दिएका थिए । तेस्रो चरणको आन्दोलन जुन १९९० पछि सुरु भयो जस्ले दोस्रो चरणका आन्दोलनका कमजारीलाई सुधार गर्दै महिलहरुको हक र अधिकारलाई सुनिश्चित गर्नका लागि निरन्तर अगाडी वढिरहेको छ । (**हुक्स,१९८४**)

महिलावादी आन्दोलनले विभिन्न प्रकारणका राजनीतिक दर्शनहरु/ मान्यताहरु तथा सिद्धान्तहरु पनि प्रतिपादन गरेको छ । महिला आन्दोलनसँग सम्वन्धित केही धार तथा सिद्धान्तलाई तल व्याख्या गरिएको छ ।

## उदारवादी महिलावाद

यो उदारवादी महिलावाद १८ शताव्दीको अन्त्य र १९ औ शताव्दीको सुरुमा पशिचमा औधागिक मुलकमा सुरु भएको हो । त्यो अवधीमा महिलालाई राजनीतिक मताधिकार थिएन । त्यसैले, सुरुको चरणको उदारवादी महिलावादको मुल ध्यान महिलहरुको राजनीतिक मताधिकार सुनिश्चित गर्नु थियो । उनीहरु  महिला र पुरुषको समानताको माध्यमवाट स्वतन्त्रता चाहन्थे । उनीहरुको मान्यता थियो कि कानुन वा परम्पराका नाममा व्यक्तिको स्वतन्त्रता राज्यले हरण गर्न हुदैन । उदारवादी महिलावादले महिला र पुरुष विचको समानताको वकालत गर्दछ । यसले व्यक्तिवादमा विश्वास गर्दछ । व्यक्तिमा स्रोत, शक्ति र सम्पती भएमा महिला मुक्ति हुन्छ भन्ने यसको मान्यता छ । यस सिद्धान्तले मुलतया महिलाहरुको राजनीतिक तथा नागरिक अधिकारमा वढी जोड दिन्छ । पितृसतात्मक तथा पुँजीवादी समाजमा महिलाहरुलाई वजारको वस्तु जस्तो व्यवहार गरिन्थ्यो । यस्तो मान्यतालाई पशिचमका धेरै उदारवादी महिलावादीहरुले चुनौती दिएका छन । महिलाहरु पुरुषभन्दा प्राकृतिकरुपले खुसी र सुखी खाज्ने हुन्छन भन्ने गलत कुरा हो । यस्ता गलत कुराहरु समाजमा फैलाएर पुरुषहरु महिलाहरुलाई पिंजडामा राखी आफ्नो सत्ता निरन्तरता

चाहान्छन । करिव ५० वर्षको निरन्तर आन्दोलन पश्चात उदारवादी महिलावादीहरुले १९२० मा मताधिकार प्राप्त गरे । त्यसको ४ दशक सम्म उदारवादी महिलावादी उपलब्धीपुर्ण कार्य गरेनन । १९६० को दशकमा अमेरिकी स्वतन्त्रता आन्दोलन सँगै उदारवादी महिलावादीले लैङ्गिक समानता र रंगभेद विरुद्धको आन्दोलन सँगै जोडेर लगे । **(उल्स स्टनक्राफ्ट, १७९२)**

नेपाल महिलाका मुद्धाहरुको उठान गर्न तथा हल गर्नका लागि उदारवादी महिलावादको वलियो प्रभाव छ । अहिले पनि घरेलु हिंसा, लैङ्गिक हिंसा, दुर्व्यवहार, सर्वशुलभ शिक्षा, स्वास्थ, प्रजनन अधिकार, निर्णय प्रकृयमा महिलाको सहभागिता लगायतका मुद्धाहरुमा उदारवादी महिलावादको उल्लेखनिय प्रभाव छ ।

## मार्क्सवादी महिलावाद

मार्क्स र एन्जेल्सका अनुसार महिला स्वतन्त्रताको प्रक्रियाहरु १९ औँ शताव्दीको पुँजिवादी समाजसगैं विकास भएको हो । यस अवधारणाले महिलाहरु लिङ्गका आधारमा मात्र नभएर वर्गीय आधारमा विवेध र हिंसा भोग्दछन भन्ने विश्वास गर्दछ । यसले पुँजीवादी प्रणाली तथा निजी सम्पतीले कसरी महिलाहलाई विवेध र हिंसा गर्दछ  भन्ने विश्लेषण गर्दछ । साथै, यस प्रणालीले पुँजीवादी प्रणालीको संरचना क्रान्तिकारी परिर्वनले मात्र महिलाहरुको मुक्ति गर्दछ भन्ने मान्यता राख्दछ । मार्क्सवादी महिलावादीको भनाई अनुसार पुँजीवादी प्रणालीमा वर्गका आधारमा कुलिन महिलाले सर्वहारा वा मजदुर महिलालाई विवेध, अन्याय र शोषण गर्दछन । एन्जेल्सले परिवार, नीजि सम्पती र राज्य भन्ने उनको पुस्तकमा महिलाहरु कसरी उत्पिडित भनेर व्याख्या गरेका छन । उनको भनाई अनुसार जव धन र सम्पती केन्द्रिकरण पुरुष भयो त्यही वेला देखी पितृसतात्मक व्यवस्था सुरु भयो । यसका साथै, माक्सवादी महिलावादीहरु महिलाहरुलाई उत्पादक शक्तिवाट अलग गरेर उत्पिडन गरिन्छ भन्ने मान्यता राख्दछन । उनीहरुको भनाई अनुसार उत्पादनका लागि आवस्यक पर्ने उत्पादनका साधन तथा आवश्यक सिप र क्षमता महिलालाई प्रदान गरिदैन । त्यसैले उनीहरुको तर्क छ कि घरायसी कार्यलाई पुँजीवादी उत्पादनप्रणाली अन्तरको ज्यालादारी व्यवस्थामा समायोजन गर्न पर्दछ । यस्तो नगर्दा महिला उत्पिडनको सिकार हुन्छन । पुँजीवादी संरचनात्मक प्रणालीमा महिलाहरुलाई घरभित्र कैद गरेर दमन गरिन्छ । **(गीलम्यान, १८९८)**

## समाजवादी महिलावाद

यस समाजवादि महिलावाद सम्प्रदायले समाजमा रहेका सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुझेका परिवारको सरंचना गरी घरायसी कामकाजबाट महिलाको भुमिकालाई निकै महत्वका साथ उठाइएको छ । यिनीहरुले सबै प्रकारका विभेदको अन्त्यका लागी राज्य नियन्त्रित राजनैतिक अर्थ व्यवस्थाको आवश्यकता ठान्दछन । तर काममा व्यक्तिगत स्वतन्त्रतालाई पनि त्यत्तिकै जोड दिएको पाइन्छ । समाजवादि महिलावादिहरु महिलाको भुमिकाको व्याख्या गर्दा लिगंका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकरण तथा पुर्नउत्पादन भुमिका र अवस्थाको बारेमा पनि विश्लेषण गर्ने धारणा राख्दछन । प्रत्येक समाजमा रहेको यौन व्यवहारमा महिला के कसरि र किन प्रभावित छन भन्ने व्याख्या र बुझाई पनि महत्वको हुने हुदाँ महिलाहरु जो पुरुषबाट बढि सताइन्छन त्यसमा यौन व्यवहार पनि महत्वपुर्ण हुन्छ , जसलाई अध्ययनमा जोड दिनु पर्दछ । महिलालाई असमान ज्याला दिएको छ ,बढि समय काम गर्दछन । कमसल र कम उत्पादनशिल काममा नै उनीहरु सलग्नं छन जुन व्याख्या समुदाय सापेक्ष गरिनु आवश्यक छ । (**रीटजर,१९९६** )

## आमुल महिलावाद

यस आमुल महिलावादले परिवार र पितृसत्तालाई दमन र शोषणको प्रमुख कारक ठान्दछ । पुरुषको अधियत्य भएको समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकको पक्षमा राखिएको पाइन्छ । जसको समाधान गर्नका लागी महिलाले आफ्नो क्षमताको प्रर्दशन गरेर आफ्नो स्थानमा सुधार ल्याउन पर्दछ । समाजका हरेक तह र तप्कामा महिला शोषित छन । यसले समाजका विद्यमान जात, वर्ण,सरंचना ,सस्ंथामा दमन, विभेद, असमानता शोषण र हिसां रहेकाले लैंगिक विभेद जटिल रहेको ठान्दछन । यसो हुनुको कारण पितृसत्ताभित्रको सामाजिक सम्बन्ध हो । प्राकृतिक लिगंको आधारमा श्रम विभाजन र यसै अनुरुपका सामाजिकरण तथा भुमिका मुख्य मान्दछ । महिला प्राकृतिक रुपले कमजोर छन् भन्ने भ्रम हटाउन हिंसा , शोषण , अन्त्य गर्न तथा सच्याउन सचांर तथा विचार र दृष्टिकोणको खोजी गरिनु पर्छ भन्दै पितृसत्तालाई चुनौती दिन आवश्यक छ भन्ने ठान्दछन । महिला अवमुल्यन विश्वब्यापी रहेको छ , पितृसत्तामा आधारित पारिवारिक ढाचाँ लैगिंक विभेदको मुख्य कारक तत्व हो । पितृसत्तात्मक समाजमा महिला हिसां पुरुषको प्रभुत्वको कारण हुने

गर्दछ । महिलालाई यौन सन्तुष्टि र बच्चा जन्माउने साधनका रुपमा हेसिनु हुदैन । महिला शोषणका रुपमा महिला हिसां कुटपिट , दुर्व्यवहार, वेश्यावृत्ति, यौनदासता, बलात्कार, गर्भपतन , बेचबिखन जस्ता महिला विरोधी गतिविधिहरु समाजमा व्याप्त रहेका छन् जुन विश्वव्यापी रुपमा देखिएका छन । (**गिडेन्स,२००९**)

## एकल महिलाहरुको अवधारणा

विधवा एक अत्यन्तै पिडादायि तथा हानिकारक शब्द हो । यो शब्द संस्कृतबाट निस्केको हो र यसको अर्थ खाली नभन्ने हुन्छ । यो शव्दले अपमानजन स्थितीको बोध गर्ने भएकाले हाल यसलाई परिवर्तन गरी एकल महिला भन्ने गरिएको छ । मानव अधिकारका लागि महिला (WHR) नामक सस्थाले पनि प्राकृतिक मकघटनाले महिलाहरुलाई एकल बनाएको भन्दै विधवा शब्दलाई परिमार्जित गरी विधवाको ठाँउमा एकल महिला भन्दछ । (**पौडेल,२००८**)

नेपालको पन्जिकरण बिभागका पहिल्लो तथ्याकं अनुसार नेपालको कुल महिलाहरुको जनसख्यांमध्ये ६ प्रतिशत विधवा महिला रहेका छन र अन्य किसिमका एकल महिला १ लाख र विधवा एकल महिला ५ लाख गरि जम्मा ६ लाख एकल महिला रहेको तथ्याकंले जनाएको छ । नेपालको मुलुकी ऐनमा एकातिर कानुनी रुपमा पुर्नविवाह गर्न छुट दिएपनि अर्कोतिर पुर्नविवाह गरेपछि पहिलो श्रीमानको सम्पत्ति नपाउने निति नियम भएका कारणले गर्दा कतिपय महिलाहरुले दोस्रो श्रीमान चाहदाँचाहदै पनि पुर्नविवाह गर्न नमानेका कारण मानव अधिकारका लागि महिला नामक संस्था (WHR) ले सर्बोच्चबाट नै मुद्दा पारित गरेर दोस्रो विवाह गर्दा पनि पहिलो श्रीमानको सम्पति पाउने नियम बनायो । **(Samakon, 2017)**

रगं आन्दोलन एक अभियान हो जसमा रातो रगं हाम्रो जन्मसिद्ध अधिकार हो भनेर हामिले आफनो इच्छा अनुसार सेतोको सट्टामा रातो रगं लगाउन पाउनु पर्छ भनेर माग गरेयौ जसले गर्दा सर्म्पुण विधवा महिलाहरुलाई प्रभाबित पार्दै नकरात्मक प्रथा र नियमहरु सफलतापरर्वक तोड्न सफल भयौ । जहाँ हामिलाई धर्म र सस्कंतिका अगाडि बिद्रोह गर्न प्रमुख चुनौति रहेको थियो । हामिले विश्वासिला नेता र समुदायका अगुवाहरुसगँ धेरै नजिक भएर काम गरयौ जँहा अहिलेसम्म पनि परिवर्तनका लागि बिरोध गर्दछन । हामीले पर्याप्त मात्रामा परामर्श, बहस, वकालतका साथै जनचेतना मुलक कार्यक्रमहरु समुदाय भेला गरयौ जसले गर्दा समुदायका मानिसहरु एक से एक स्वीकार गर्न आए । विकासको क्रममा यो

हाम्रो लागि सबैभन्दा महत्वपुर्ण अभियान थियो । नेपाली संस्कृतिमा एकल महिलाहरू बिधवा भएकै कारणले उत्पिडित छन र उनिहरुले सामान्य सामाजिक तथा सांस्कृतिक जीवन बिताउन पनि बञ्चित छन । यहाँ पारिवारिक उन्नतिका लागि आर्थिक स्रोतहरूमा पहुँच नहुनु त छदै छ, शारीरिक र भावनात्मक रूपमा पनि उनिहरुलाई आफ्नो श्रीमान नभएकै कारणले दोषि ठहराइएको छ । विधवा महिलाहरुको लागी एउटा असल साथिको आवश्यकता सगँसगैं यौनजिबनको पनि चाहना हुनु स्वभाबिक हो कम उमेरमा नै विधवा महिलाहरुको लागि त्यसकारण पनि उनिहरुको एकान्तपना हटाउनका लागि उनिहरुले पुनर्विवाह गर्ने सोचका बाबजुद पनि परिवार तथा समाजको बाधा तथा बन्देजका कारण पनि सोच्न नसकेका हुन्छन । **(थापा लिलि (२०१६)**

## विधवा महिलाहरुको सामाजिक अवस्था

नेपाली समाजमा विवाहित दम्पत्तिमा श्रीमतिको भन्दा पहिले श्रीमानको मृत्यु भएमा त्यस महिलालाई विधवा महिला भनेर चिनिन्छ भने कुनै पनि महिलाको मृत्यु श्रीमानको भन्दा पहिले हुन्छ भने त्यसलाई सधुवा (सौभाग्यवति) भनेर चिनिन्छ । जुन महिला विधवा हुन्छे,त्यसलाई आफनो सिन्दुर,पोते,चुरा लगायतका सौभाग्यको प्रतिक रातो रगंलाई त्यागेर सेतो लुगा लगाउनु पर्ने प्रचलन प्राचिन समयदेखि नै रहि आएको छ । जसले गर्दा हाम्रो समाजमा सौभाग्यको प्रतिक रातो रग कपडा नलगाएका तथा श्रृंगार प्रयोग नगरेका महिलाहरुलाई टाढैबाट पनि विधवा भनेर पहिचान गर्न सकिन्छ ।

विकसित देशहरुमा एकल महिलाको अधिकारलाई संस्थागत गर्नका लागि धेरै खालका प्रावधानहरु उल्लेख गरिएको छ । तर नेपाली समाजमा विधवा (एकल महिला)को गर्भावस्था र गर्भपात पनि प्रमुख सवाल भएर पनि यस्तो अवस्थामा यस्ता किसिमका सवालहरु उठाउनका लागि सहभागीको रुपमा विधुवा (एकल) महिलाहरुको सहभागिता अत्यन्त निराशाजनक छ ।

पुरातन समयमा,यस्तो पनि नेपालि समाजमा परम्परा थियो कि जहाँ श्रीमानको मृत्यु भैसके पछि चाहे कति कम उमेर कि हुन श्रीमति, श्रीमान सगैं जिउदै जल्यो भने श्रीमानको सबै पापहरु नाश हुन्छ र उनका श्रीमानको आत्माले शान्ती पाउछन । भएर जान्छ भनेर कति महिलाहरुलाई श्रीमान मरेपछि सति पठाउने चलन थियो । यस परम्परा को पछि सबै

सामाजिक, राजनीतिक र आर्थिक कारण थिया समाजले यो मान्थ्यो कि यदि श्रीमतिलाई पनि आफ्नो श्रीमानसँग जलाएनन् भने श्रीमतिहरूले आफ्नो शुद्धतालाई जोगाउन सक्दैन । यो परम्परालाई त्यो समयमा सामाजिक प्रतिष्ठा र राम्रो परम्पराको रुपमा लिइयो । समयको क्रमसगैं समाज अल्लि आधुनिक अबस्थामा आईपुग्यो त्यसपछि सति प्रथाको अन्त्य भयो ।

नेपालको ऐतिहासिक परिवेशलाई दृष्टिगत गर्दा पनि किरातकाल,लिच्छवीकाल र मल्लकालमा पनि धर्मशास्त्र र तत्कालिन प्रचलनलाई मुख्य आधार बनाई महिलाहरु माथि व्यवहार गरेको पाइन्छ भने नेपालको एकीकरण सगैं सुरु भएको आधुनिक कालमा धर्मशास्त्रलाई मान्यता दिए पनि केहि लचकता आउन थालेको महशुस हुन्छ ।त्यसकालमा विधवा विवाहलाई केहि मान्यता दिइएको थियो भने स्त्री जातिलाई ज्यान सजाय गर्ने चलन नभएपनि कठोर सजायको रुपमा नाक काटिने जस्तो कठोर प्राबधान थियो । तर पनि पृथ्वीनारायण शाह पछिका विभिन्न शाहवशिंय रानीहरु राजनितिमा हर्ताकर्ता भई नायवीको रुपमा शासन गरेर तत्कालिन राज्य व्यवस्थामा महिलाको महत्वपुर्ण भुमिकालाई केवल राजपरिवार बाहेक सर्वसाधरण महिलाको भने उच्च स्थान रहेको देखिन्छ । **(के.सी. २०५५)**

## २.२ सैद्धान्तिक पुनरावलोकन

नेपालमा महिलालाई दोस्रो दर्जाको अर्थात भुमिकाबिहिन नागरिकको रुपमा हेरिने गरेको पाइन्छ । संसारको सृष्टिको आधार पनि महिला नै हुन यद्यपि अधिकाशं बिकसित एवम् बिकाशोन्मुख मुलुकहरुमा महिलाहरु दमन,उत्पिडन एवमं शोषण भएका छन ।कुनै पनि समाजको सरंचना महिला र पुरुषबाट बनेको हुन्छ । समाजमा महिला र पुरुषको समान अधिकार र दायित्व पनि समान हुन्छ ।समाजलाई अघि बढाउन विकास र संस्कृति रुपि रथका दुई पाग्रां मध्ये एक पुरुष र अर्को महिलालाई मान्दै आएको पाईन्छ । तर यसो हुदाँहुदै पनि पित्तृसत्तात्मक सोचबाट जकडिएको हाम्रो जस्तो समाजले महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा ब्यबहार गरेको छ । जसमा पुरुषको दाजोमा महिलाहरु पछाडि परेका छन । हिन्दु धर्म अनुसार महिलालाई धनकी देबि,शक्तिकी देबी,तथा बिद्याकी देवी मानिदै आए पनि हिन्दु समाजमा महिलाहरुको स्थान र सामाजिक अबस्था उच्च छ भन्न सकिदैन । बिभिन्न ऐतिहासिक परम्परा अनुसार एकल (बिधवा) महिलाहरुलाई समाजले गर्ने तथा हेर्ने दृष्टिकोण समय,जात,धर्म र वर्ग अनुसार फरक फरक रहेको पाईन्छ । **(सिहं र**

**श्रेष्ठ २००६**)

पितृसत्तात्मक सोच भएको हाम्रो समाजमा श्रीमतिको मृत्यु पश्चात पुरुषहरुले तत्कालै विवाह गरी ल्याउदछन भने श्रीमानको मृत्यु पश्चात महिलाहरुको पुर्नविवाह सम्बन्धमा मुख उक्काउन पनि नहुने अथवा श्रीमानको मृत्यु पश्चात पनि महिलाहरु जिवन भरी एक्लै भएर बाच्न पर्ने बाध्यता छ । उसको इच्छा पुनूविवाह गर्ने भए तापनि न त माइति पक्षले नै चासो दिन्छन या घर पक्षले नै, समग्र समाजको दृष्टिकोणबाट नै महिलाको अधिकार माथि कुण्ठित गरी एकल जिवन गुजारा गर्नुपर्ने रहेको छ । पुर्नविवाह र पारिवासिक तथा सामाजिक मान्यताका कस्तो रहेको छ भन्ने बिषयमा अनुसन्धान गर्न आजको आवश्यकता रहेको छ । (**पौडेल २००८**)

विवाहलाई समाजले एउटा प्रमुख सम्मानित तथा समाजको पुरकको रुपमा लिईरहेको पाइन्छ । विवाह महिला र पुरुषमा गासिने सम्बन्धको प्रत्यक्ष प्रमाण पनि  हो । विवाहले नै महिला र पुरुष बिच धेरै ढोका खोलिदिएको हुन्छ । तर जब कुनै पनि महिलाको विवाह गरेको श्रीमानको मृत्यु हुन्छ अनि ति महिलाको विवाह पछि प्राप्त गरेका कतिपय चिजहरु गुमाउनु पर्दछ । लगाउने, खाने मात्र नभई एउटा पुरुषसगँको सबै सम्बन्ध नै छुटन जान्छ । एकल महिलाहरु पनि श्रीमान को मृत्यु पछि एक्लिएका हुन्छन । तर पुरुषसगँको सहयात्रामा बाच्ने र धेरै जसो पुरुषमा नै निर्भर हुने भएकाले पुरुषको कमि पुरुषले नै पुरा गर्न सक्छ भन्ने सोच रहेको हुन्छ र सो कमि पुरा गर्न पुर्नविवाह गर्ने  गर्दछन । तर कुनै पनि समाजमा श्रीमानको मृत्यु भएको महिला भन्दा श्रीमतिको मृत्यु भएका पुरुषहरुले चाडैं विवाह गर्ने गर्ने गरेको पाइन्छ । (**थापा २०६२** )

द्वन्द्वकालमा धेरै नेपाली महिलाले आफ्ना श्रीमान गुमाएका छन सामाजिक परिस्थितिसँग जुधेर उनीहरूले आफ्ना बालबच्चाको पालनपोषण गरिरहेका छन, धेरै दुख सहेर पनि परिवार चलाइरहेका छन । यसरी परिवार चलाउनुपर्दा एकल महिलालाई निकै गाह्रो यस कारण पनि हुन्छ कि श्रीमान हुँदासम्म घरको चौघेरामा बाँधिएर रहेका महिलाले श्रीमानको मृत्युपछि एकाएक आर्थिक उपार्जन देखिका सारा कुरा सम्हाल्नुपर्ने हुन्छ । हाम्रा धर्म, संस्कृति, मूल्य (मान्यतामा जति पनि विभेदपूर्ण नियम छन, ती सबैलाई पुनर्लेखन गर्नु आवश्यक छ । परम्पराका नाममा विदेभपूर्ण नियममा झुन्डिनु वर्तमान युग सुहाउँदो कुरा होइन । धर्मका आधारमा लेखिएको कानुनका कारण नेपाली महिलाले सीमाभन्दा बढी विभेद

सहिसकेका छन, सहिरहेका छन, नेपालको कानुन आफै पुनर्लेखन गर्नुपर्ने अवस्थामा छ । महिला विरुद्ध हुने सम्पूर्ण किसिमका विभेद अन्त्य गर्ने महासन्धि (सिड) कमिटीले सन २००४ मा नेपाल सरकारलाई दिएको सुझावपछि केही विभेदपूर्ण कानुन संशोधन भयो ( मुलुकी ऐन, एघारौं संशोधन) यसलाई सकारात्मक उपलब्धिका रूपमा लिनुपर्छ तर संशोधनभन्दा पनि अब पुनर्लेखनमै जोड दिए दूरगामी कानुन निर्माण गर्न सकिन्छ । **(सयुक्तं राष्ट्र सघं रिपोर्ट,१९७५)**

## २.३ पुर्वसाहित्यको समिक्षा

कुनैपनि अध्ययन अनुसन्धान कार्य गर्दा त्यसभन्दा अगाडि भएका सम्बन्धीत बिषयको बारेमा प्रकाशित पुस्तक, लेख, रचना तथा बिभिन्न पत्रपत्रिकाहरुको सहायता लिन आवश्यक छ र यस अध्ययन, अनुसन्धानमा पुग्नका लागि पनि बिभिन्न बिद्धानहरुद्धारा नेपालका एकल महिलाहरु सम्बन्धी सामाजिक तथा सास्कृंतिक पक्ष माथि अध्ययन गरी प्रकाशित गरिएका पुस्तक, पत्रपत्रिकाहरुलाइ सन्र्दभग्रन्थ सामग्रीको रुपमा समिक्षा गरी तिनका आवश्यक अशंहरु अध्ययनमा राखिएको छ ।

प्राचिन धर्मशास्त्रले नारीलाई बाल्यकालदेखि विवाहपुर्वको अवस्था पिताको, विवाहित भएपछि पतिको र वृद्धावस्थामा छोराको अधिनमा रहनुपर्ने बाध्यात्मक व्यबस्था गरी नारीलाई पुरुषहरुको नियन्त्रणमा राख्न खोजिएको भएतापनि विभिन्न विद्धान मुनिहरुको दृष्टिकोण भने महिलाप्रति सम्मानजनक रहेको पाइन्छ । यसरी प्राचिन धर्मशास्त्रमा नारीको स्थान उच्च रहेको छ । मनुस्मृतिमा मनुले “यत्र पुज्यते नारी,तत्र रमन्ते देवता” अर्थात जहाँ नारीलाई सम्मानपुर्वक व्यवहार गरिन्छ त्यहाँ देवताहरु पनि खुशी हुन्छन भनी ब्याख्या गरेको पाइन्छ । **(मनुस्मृति,१९९६)**

छोराछोरीको संरक्षक भन्दै दोस्रो विवाह गरे पनि पुरुषले नारीलाई कामभोगका निम्ति बढी उपयोग गर्छन, आफ्नो कामेच्छा पूर्ति गर्नु नै पुरुषको पहिलो उद्देश्य हुन्छ । यहाँ मानिसभित्रको शारीरिक इच्छालाई नकारात्मक अर्थ दिन खोजिएको होइन, के त्यस्तै इच्छा महिलामा हुँदैन ? के महिलाको शरीर केवल मांसपिण्ड हो जसमा कुनै कुराप्रतिको आकर्षण वा चाहना हुँदैन ? मानव जीवनमा यौन सम्बन्धको महत्वपूर्ण भूमिका हुन्छ, यो तथ्यलाई योगी, सन्त, महन्तहरूले समेत स्वीकार गरेका छन । हामीभन्दा केही पुस्ताअघिसम्मको

कुरा हेर्ने हो भने, बालविवाह (हुन त बालविवाह अझै पनि प्रचलनमा छ, सोह्र,सत्र वर्षका बालिकाहरूको विवाह हुनुलाई आश्चर्य नमान्ने परिपाटी देखिन्छ) सामान्य मानिन्छ । बालिकाहरू घरमा बस्नुर्पर्यो, पुरुषहरू अध्ययन वा कामको सिलसिलामा घरबाहिर जान्थे, रोग(व्याधि एवं दुर्घटना आदिले उनीहरूको मृत्यु हुन्थ्यो अनि ती विवाहित युवती तथा बालिकाहरू आजीवन त्यही श्रीमानका नाममा सेतो पहिरन लगाएर बस्थे । उनीहरूले खाने, लाउने, बोल्ने, हिँड्ने, गर्ने सबै काम समाजले नियन्त्रित गर्थ्यो, शुभ कार्यमा उनीहरूको उपस्थिति वर्जित गरिन्थ्यो । के यौवनमा उनीहरूलाई केही चाहना हुँदैनथ्यो ? हाँस्न(खेल्न, घुम्न,हिँड्न, बोल्न, रमाइलो गर्न मन लाग्दैनथ्यो ? शुसिल र संस्कारयुक्त बनाइने नाममा मानवका न्यूनतम आवश्यकता तथा चाहना कुण्ठित गरेर समाजले के प्राप्त गर्रयो ? हजारौं नारीको रंगीन सपना तुहाएर नेपाली समाजले कुन उपलब्धि हासिल गर्यो ? के यो पितृसत्तात्मक समाजको दमनभन्दा बढी अरू पनि केही हो ? ( **दाहाल बिजया २०७४)**

लिच्छबिकालमा महिलाहरुलाई पुनर्विवाह र बिधवा विवाह गर्न समेत निश्चित नियमहरु बनाइएको कुरा सवंत ५७ को माली गाउँ अभिलेखमा बिष्णु गुप्तले महिलाहरुलाई पुर्नविवाह र विधवा विवाह गर्न निश्चित नियमको ब्यबस्था गरिएको कुरा उल्लेख गरिएको छ । जसमा लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा अन्य कारणले पुर्नविवाह गर्न पाउने चलन भएको कुरा उल्लेख छ । त्यसबेला उच्च खानदान र राजपरिवारका महिलाहरुले लोग्नेको मृत्यु पश्चात सति जानु पर्दथ्यो तर सती जानै पर्ने बाध्यता थिएन । बरु सती जाने अथवा सतीब्रतमा रहने र मार्ग मध्ये एउटा रोज्न पाउने ब्यबस्था थियो । यसले गर्दा मानदेबकी आमा राज्यवती, भौम गुप्ताकी आमा आभिरी आदिले सति नगई सतिबर्तामा रहेको कुरा बिभिन्न अभिलेखहरुले उल्लेख गरेका छन । मुलुकी ऐन एघारौ संसोधन (२०५८) ले विधवा महिलाहरुको चल अचल सम्पत्तिबाट स्पष्ट रुपमा व्यबस्था गरी उनीहरुको कानुनी हकलाई सुरक्षित गरिदिएको पाइन्छ । जसले गर्दा विधवा बुहारीलाई पनि छोरा सरह नै अशं दिइनुपर्ने हुदाँ विस्तार विस्तार विधवा बुहारीहरुलाई हेर्ने सामाजिक दृष्टिकोणमा सकरात्मक परिवर्तन हुदै जाने संकेत देख्न पाइन्छ । **(अधिकारी र घिमिरे, २०५९)**

# अध्याय तीन

# अनुसन्धान पद्धति र औचित्य

## ३.१ अनुसन्धान क्षेत्रको छनौटको औचित्य

पो.ले.म.न.पा भित्र जम्मा ३३ वटा वडाहरु रहेका छन । जसमध्ये पो.ले.म.न.पा को वडा नं ५ लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यसभन्दा पहिला जे जति विधवा महिलाहरुको बारेमा अध्ययन अनुसन्धान भएका छन ती सबै अरु विषयवस्तुमा केन्द्रित भएको पाइन्छ । कुनै एउटा अध्ययनले मात्र समग्र क्षेत्रलाई समेट्न सक्दैन । कुनै पनि समाजको सामाजिक , आर्थिक ,चालचलन ,रितीरिवाज ,धार्मिक तथा सांस्कृतिक परम्परा फरक फरक किसिमको हुन्छ, सोहि अनुसार विधवा महिलाहरुको पुनर्विवाह कुनै समाजमा सम्भव छ भने कहि असम्भव छ त्यसैले मैले मेरो अनुसन्धानमा लागी यस वार्ड भित्रका कुल विधवा महिलाहरु १०६ जना मध्ये (५०%) ५३ जना विधवा विधवाहरुको पुनर्विवाह सम्बन्धि धारणा र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन भनेर उनिहरुको सामाजिक अवस्थाको बारेमा बुझ्नका यो क्षेत्रको छनोट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन एकल महिलाहरुका पुनर्विवाह सम्बन्धी धारणाहरु के के रहेका छन र उनिहरुले पुनविवाह नगर्नु पछाडिका कारणहरु के के रहेका छन भन्ने बारेमा बर्णनात्मक तथा विश्लेषणात्मक रुपमा गरिएको छ र यसको बारे विस्तृत जानकारी एकत्रित गरिएको छ ।

## ३.३ सुचनाको प्रकृति र स्रोत

**प्राथमिक सुचना :** यस अनुसन्धानमा अध्ययन क्षेत्रमा अवस्थित ५३ जना एकल विधवा महिलाहरुसँग प्रत्यक्ष अन्तरवार्ताका माध्यमबाट, औपचारिक र अनौपचारिक कुराकानिका माध्यमबाट प्राथमिक सुचना संकलन गरिएको छ ।

**द्धितिय सुचना :** यस अनुसन्धानमा विधवा महिलासँग सम्वन्धित सरकारी कार्यालय, विभिन्न गैर सरकारी संस्था तथा अनुसन्धान दाताले तयार पारेको रिपोर्ट, प्रकाशित तथा अप्रकाशित लेख तथा पुस्तकबाट द्धितिय सुचनाहरु संकलन गरिएको छ ।

## ३.४ समग्र नमुना छनोट विधि

अनुसन्धानमा समग्र नमुना छनौट विधिको अवलम्वन गरिएको छ । विधवा महिलाको पुनर्विवाह सम्बन्धी धारणाहरु के के रहेका छन र उनिहरुले पुर्नविवाह नगर्नु पछाडिका कारणहरु के के रहेका छन भन्ने व्यक्तिगत जानकारी लिनका लागि यस अध्ययन क्षेत्रमा रहेका समग्र विधवा महिला १०६ जना मध्ये उमेर र जातलाई आधार बनाएर ५० प्रतिशत वा ५३ जनाको नमुना छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.५ तथ्याकं सकंलन बिधि

**अर्न्तवार्ता :** यस अनुसन्धानका लागि अन्तरवर्ता विधिको प्रयोग गरिएको छ । अन्तरवार्तामा उत्तरदातासँग प्रश्नहरु सोधिएको छ । प्रश्नावलि अनुसुचिमा उल्लेख गरिएको छ ।

**मुख्य सुचनादाताहरुसगँ अर्न्तवार्ता :** द्धितीय स्रोतको रुपमा यस अनुसन्धान गर्ने क्षेत्रमा रहेको सरकारी कार्यालयका आन्तरिक अभिलेख, सरकारी प्रतिनिधी, सरकारी तथा अन्य प्रकाशनहरु, विभिन्न व्यक्तिका लेखका माध्यमबाट र विज्ञ तथा विशिष्ट व्यक्तित्वसँग अन्तरवार्ता लिईएको छ ।

**वैयत्तिक अध्ययन :** अध्ययनको क्रममा सम्पुर्ण तथ्यांकहरु प्रश्नले वा अर्न्तवार्ताका माध्यमबाट मात्र प्रर्याप्त नहुने हुदाँ अध्ययन क्षेत्रका विधवा महिलाहरुसगँ गरिएको वैयक्तिक अध्ययनले तथ्याकंलाई प्रष्टाउन मद्दत पुगेको छ । यस अध्ययनमा चार जना विधवा महिलाहरुको वैयक्तिक अध्ययनद्धारा तथ्याकं लिइएको छ ।

## ३.६ तथ्याकं प्रस्तुतिकरण र बिश्लेषण

तथ्याकं सकंलन गर्ने क्रममा बिभिन्न श्रोतबाट सकंलन गरिएका तथ्याकं र सुचनाहरु सम्पादन गरी प्राप्त तथ्याकंहरुलाई तालिकिकरण र प्रतिशतको माध्यमबाट तथ्यांक विश्लेषण गरिएको छ र निश्कर्ष निकालिएको छ ।

# अध्याय : ४

# उत्तरदाताहरुको सामाजिक तथा जनसाख्यिंक अवस्थाको विशेषताहरु

यस महानगरपालिकाको वडा नं ५ को वरिपरि ४ वटा वडाहरु ४, ७, ८, र १८ ले सिमाना छुट्याइएको छ । यस वार्डमा धार्मिक एवम् सास्कृंतिक महत्व झल्काउने मनकामना मन्दिर र राम मन्दिर रहेका छन भने यस वार्डका धेरैजसोको आर्थिक अवस्था राम्रो रहेको छ । यहाँका धेरै जसो मानिसहरुले व्यापार,व्यवसाय गर्दछन भने रोजगारीको लागी विदेशियको पनि देखियो । यसै गरि यहाँको शैक्षिक अवस्था लाई हेर्दाखेरी सामुदायिक बिद्यालयतर्फ बाराहि उच्चा मा.वि,छ भने भने निजि शैक्षिक सस्थांहरुतर्फ केहि रहेका छन । यहाँको विद्युत तथा खानेपानीको अवस्था र स्वास्थ्य अवस्था पनि राम्रो रहेको छ यस वार्डमा सस्थागत क्लिनिक, निजि तथा सामुदायिक अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकि र नगर स्वास्थ्य केन्द्र स्वास्थ्य रहेका छन ।  यहाँ शान्ति सुरक्षाको अवस्था पनि एकदमै राम्रो रहेको छ । कुनै ठाउँमा झै भगडा, कुटपिट,चोरी डकैति भएको अवस्थामा सेवा र सुरक्षा राम्रो रहेको छ । यहाँ यातायात र सडक सुविधामा पनि बाटाघाटा राम्रा र फराकिला रहेका छन ।

**सामाजिक अवस्था**

मानिस एक सामाजिक प्राणी हो । उसले समाजमा रहेर हरेक भुमिका निवार्ह गनुपर्दछ । जब एक महिला र पुरुषको विवाह हुन्छ, उनिहरुले त्यहि समाजको नितिनिर्माणमा रहि विभिन्न किसिमका भुमिका निवार्ह गनुपर्दछ । श्रीमान श्रीमति एक रथका दुई पाग्रां हुन,जहाँ एक विनाको जीवन सुन्य हुन्छ । श्रीमानको मृत्यु सगैँ एक महिलाको जीवन नै उथलपुथल हुन्छ  र विधवा भैसके पछि ससांर नै उजाडिएको जस्तो हुन्छ । महिलाका लागी यो भन्दा पिडादायी अवस्था केहि हुदैन । यस्तो अवस्थामा विधवा भैसके पछि कुनै पनि महिलालाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण कस्तो हुन्छ  र विधवाहरुको मानसिकतामा कस्तो खालको प्रभाव पर्दछ भन्ने कुराको अनुसन्धान गर्नु आजको आवश्यकता रहेको छ । र यहि अनुरुप विधवा महिलाहरुको सामाजिक तथा जनसाख्यिंक अवस्थाका विशेषताहरु विश्लेषण गरिएको छ ।

## ४.१ उत्तरदाताको उमेर समुह

उमेर पनि विधवा महिलाहरुको सामाजिक भुमिकाहरुलाई निर्धारण गर्ने महत्वपुर्ण तत्व हो । यस शोध पत्रमा महिलाहरुले उमेरलाई पनि अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनमा समावेश गरिएका विधवा एकल महिला उत्तरदाताको उमेरलाई तालिका नं. ४.१ म प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.१**

**उमेर समुहको आधारमा उत्तरदाताको विवरण**

| उमेर समुह वर्षमा | सख्यां | प्रतिशत |
|---|---|---|
| २० वर्ष भन्दा कम | ० | ० |
| २० – ३० | ४ | ७.५४ |
| ३० – ४० | ८ | १५.०९ |
| ४० भन्दा माथी | ४१ | ७७.३५ |
| जम्मा | ५३ | १०० |

**स्रोत :स्थलगत अध्ययन, २०७४**

माथिको तालिका अनुसार विधवा महिलाहरुको उमेरगत अध्ययन क्षेत्रमा ५३ जनाको उमेर स्थितिलाई हेर्दा ति मध्ये ४० वर्षदेखी माथिका ४१ जना (७७.३५%) र २० वर्ष भन्दा मुनिका शुन्य रहेको  पाइयो । उमेर ढल्किसकेका विधवा महिलाहरु घरपरिवारको जिम्मेवारी काममा व्यस्त रहेको पाइयो भने युवा अवस्थाका र प्रौढ अवस्थाका महिलाहरु वाहिरी कामकाजका साथै सामाजिक नितिनिर्माण तथा कार्यन्वयनका सक्रिय रुपमा लागीपरेको पाइयो ।

## ४.२ धर्मका आधारमा उत्तरदाताको विशेषता

धर्म एउटा आस्था र विश्वास हो । नेपाल पनि एक बहुधार्मिक,बहुसास्कृंतिक र बहुजातिय देश हो यसले मानिसलाई अनुशासन तथा नैतिक बन्धनमा राख्दछ । विश्वमा धेरै प्रकारका धर्महरु रहेका हुन्छन ।। यस अध्ययन क्षेत्रमा रहेका विधवा महिलाहरुको धार्मिक आस्थाको अवस्थालाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं ४.२**

**धर्मको आधारमा उत्तरदाताको विवरण**

| धर्म | सख्यां | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४१ | ७७.३५ |
| बौद्ध | ७ | १३.२० |
| क्रिस्चियन | ५ | ९.४३ |
| इस्लाम | ० | ० |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन २०७४**

उक्त तालिका अनुसार विशेष गरी यस क्षेत्रमा हिन्दु, बौद्ध धर्मर क्रिस्चियन धर्म मान्ने रहेको पाइयो र उत्तरदाताहरुको धार्मिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रका अधिकाशं उत्तरदाताहरु हिन्दु धर्म मान्ने ४१ जना (७७.३५%) , बौद्ध धर्म मान्ने ७ जना (१३.२०%) र क्रिस्चियन धर्म मान्ने (९.४३%) रहेको देखिन्छ । यसरी हेर्दा यस क्षेत्रमा धेरै जसो विधवा महिला ब्राम्ह्ण रहेका र उनिहरु हिन्दु धर्म प्रति आस्था राख्दै पुजापाठमा र धर्मकर्ममा विश्वास गर्ने र विभिन्न हिन्दु धार्मिक परम्परा र चाडवाडहरु मनाइने गरेको पाइयो ।

## ४.३ उत्तरदाताको शैक्षिक स्थिति

शिक्षा सफल जिवनको लागी महत्वपुर्ण आधार हो । राज्य स्तरबाट पनि शिक्षाको लागी आवश्यक कदम चालिएको छ । राष्ट्रिय योजनामा पनि शिक्षालाई पहिलो प्राथमिकतामा राखिएको छ । देशको आधा जनसंख्या भन्दा बढि सख्यांमा रहेका महिलाहरुको शैक्षिक स्थिति हेर्दा पुरुषहरुको तुलनामा अत्यन्त कम रहेको देखिन्छ । यस अध्ययनमा शिक्षालाई पनि आधार मानेर अध्ययन गर्ने जमर्को गरिएको छ र उत्तरदाताको शैक्षिक अवस्थालाई तालिका नं ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.३**

**शैक्षिक अबस्थाको आधारमा उत्तरदाताको विवरण**

| शिक्षा | सख्यां | प्रतिशत |
|---|---|---|
| निरक्षर | १६ | ३०.१८ |
| साक्षर | १६ | ३०.१८ |
| प्राथमिक | १२ | २२.६४ |
| माध्यामिक | ७ | १३.२० |
| उच्च शिक्षा | २ | ३.७७ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

उक्त तथ्याकंलाई हेर्दा उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा प्रायजसो सबैभन्दा बढि निरक्षर १६ जना (३०.१८%) र साक्षर १६ जना (३०.१८%) ,प्राथमिक शिक्षा १२ जना ( २२.६४%),माध्यामिक शिक्षा ७ जना (१३.२०%) भने अध्ययन क्षेत्रका २ जना (३.७७% ) ले उच्च शिक्षा हासील गरेको देखिएको छ । यसले अध्ययन क्षेत्रका निरक्षर विधवा महिलाहरुले आफुहरुको लागी बनेको नियमकानुन तथा हक अधिकारको बारेमा थाहा नपाएको बताएका थिए भने शिक्षीत तथा उच्च शिक्षा हासील गरेका महिलाहरुले आफनो सोचमा बृद्धि भएको र हक अधिकारका बारेमा शसक्त भएर अगाडि बढ्न सक्ने व्यक्त गरे ।

## ४.४ उत्तरदाताको जातजाती

नेपाल एक बहुजातिय ,बहुसास्कृंतिक ,बहुधार्मिक तथा धार्मिक एव भौगोलिक विविधतायुक्त देश भएकोले अध्ययन क्षेत्रका एकल विधवा महिलाहरुको जनजातियतामा पनि विविधता पाइन्छ । उनिहरुको जाति अनुसारको विवरण तालिका ४.४ बाट प्रष्टाइएको छ ।

## तालिका नं ४.४

## जातजातिका आधारमा उत्तरदाताको विवरण

| जात | सख्यां | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | १६ | ३०.१८ |
| क्षत्रि | १४ | २६.४१ |
| जनजाति | १० | १८.८६ |
| द्यलित | १३ | २४.५२ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

उक्त तालिकालाई हेर्दाखेरी सबैभन्दा धेरै उत्तरदाता ब्राम्ह्ण १६ जना ( ३०.१८%) ,क्षत्रि १४ जना (२६.४१ %),जनजाति १०(१८.८६%) र त्यसपछि दलित १३ जना (२४.५२%) रहेको पाइयो । उत्तरदाता धेरै बाम्ह्ण जातीले हिन्दु परम्परा अनुसार नै विवाह भएको र विधवा भए पनि हिन्दु संस्कार अनुसार नै आफनो धर्म निभाउने बताए ।

# अध्याय : ५

# उत्तरदाताको पुनर्विवाह सम्बन्धि धारणा र पुनर्विवाह नगर्नुका कारणहरुको विश्लेषण तथा प्रस्तुतिकरण

## सामाजिक तथा आर्थिक अबस्थाको आधारमा विश्लेषणः

कुनै पनि समाजमा त्यहाँको सामाजिक मुल्यमान्यता, रितीरिवाज, धार्मिक परम्परा, सामाजिक संस्कार ,सम्बन्ध र अर्न्तक्रियाले महत्वपुर्ण प्रभाव पारेको हुन्छ । जब कुनै महिला र पुरुषको विवाहलाई त्यो समाजले सामाजिक मान्यता दिएको हुन्छ त्यसपछि मात्र उनिहरुले समाजका मान्यता, आर्दश,प्रचलन, क्रियाकलाप, धर्म, प्रथालाई अनुसरण गर्नुपर्ने हुन्छ । यहि अनुरुप विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरुको विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ ।

## ५.१ बिधवा हुँदाको उमेर

जीवनलाई सफल बनाउनका लागी वनाएको मन मिल्ने साथिलाई जीवनसाथि भनिन्छ । जसमा श्रीमानको मृत्यु भएका महिलाहरुलाई विधवा महिला भनिन्छ । प्रस्तुत अध्ययन पनि उत्तरदाताहरुको विधवा हुदाँको उमेरलाई आधार बनाएर अध्ययन गर्ने प्रयास गरिएको छ । जसलाई तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१**

**विधवा हुदाँको उमेरका आधारमा उत्तरदाताको विवरण**

| उमेर समुह (वर्षमा) | सख्यां | प्रतिशत |
|---|---|---|
| ३० वर्ष भन्दा कम | ७ | १३.२० |
| ३० वर्ष भन्दा कटेको | ४६ | ८६.७९ |
| जम्मा | ५३ | १०० |

**स्रोतः स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा विधवा भएको उमेरलाई हेर्दा धेरै जसो ३० वर्ष देखी माथीका ४६ जना (८६.७९%) र ३० वर्ष भन्दा कम उमेरमा विधवा भएका ७ जना (१३.२०%)  रहेको

देखिन्छ । कम उमेरमा विधवा भएका महिलाहरुले पहिला साह्रै दुख पाएको,कसैको सहयोग नपाएको तर अहिले सक्षम भएको र बालबच्चाको जिम्मेवारी पनि सम्हाल्न सकेको पाइयो ।

## ५.२ उत्तरदाताको बालबच्चा

विवाह भैसके पछिको अवस्थामा सन्तान हुन्छन । र कुनै पनि महिला एकल भैसकेपछि सन्तानहरुको महत्वपुर्ण भुमिका हुन्छ आमालाई सम्हाल्नका लागी । यसैले सन्तानहरु छन कि छैनन भनेर तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.२**

**बालबच्चा अनुसार उत्तरदाताको विवरण**

| बालबच्चा | सख्यां | प्रतिशत |
|---|---|---|
| छन | ४९ | ९२.४५ |
| छैनन | ४ | ७.५४ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

माथिको तालिका अनुसार बालबच्चा भएका उत्तरदाताहरु ४९ जना (९२.४५%) र बालबच्चा नै नभएका ४ जना (७.५४%) भएको पाइयो । बालबच्चा भएका विधवा महिलाहरुले श्रीमान पछि बालबच्चा नै आफ्नो सहारा बनेको र हरेक सुखदुखमा साथ दिएको बताएका थिए भने बालबच्चा नभएका उत्तरदाताले बालबच्चा नभए पनि आफुलाई कुनै गुनासो नरहेको र जीवन विताउन बालबच्चा हुनै पर्छ भन्ने नलागेको बताए ।

## वैयक्तिक अध्ययन १

मेरो नाम जुनाकुमारी खत्री हो र मेरो उमेर ३७ वर्ष भयो । १४ वर्षको सानै उमेरमा विवाह भयो । श्रीमान भारतीय आर्मी हुनुहुन्थ्यो । हाम्रो जीवन रमाइलो सगँ वितिरहेको थियो । मेरो एउटा छोरा पनि छ । जब म २६ वर्ष भए, श्रीमानको मृत्यु भयो । शुरुमा त श्रीमानको मृत्यु सगैं अब मेरो पनि जीन्दगी नै सकियो कि जस्तो लाग्यो । तर क्ष्यो होइन रहेछ,मैले श्रीमान बित्ने बेलामा कक्षा १२ मात्र पढेकि थिए । पछि २०६३ साल देखि एकल महिला सस्थां बास्कीमा आबद्ध भएर काम गर्न सुरु गरे । सस्थांमा आबद्ध भएसगैं मैले बि.ए.पास गरैं र अहिले एम.ए पढ्दैछु । र सस्थां WHR मा ८ वर्ष कर्मचारी भएर पनि काम गरे । अहिले म धेरै सस्थांमा आबद्ध छु । र त्यहा विभिन्न कार्यक्रमहरुमा समय पनि दिन्छु र म जस्तै एकल महिलाहरुलाई शसक्तिकरण गर्नका लागी लागी परिरहेकि छु । विधवाहरुको पुनर्विवाह प्रति सकरात्मक धारणा छ तर विधवा हुने बित्तिकै पुनर्विवाह गर्नै पर्छ भन्ने लाग्दैन र विहे गरेपछि सुख पाइन्छ भन्ने पनि लाग्दैन । यदि आफु सक्षम र शसक्त छ र बालबच्चा पनि छ भने पुनर्विवाह गर्नु जरुरी छैन जस्तो लाग्छ ।

## ५.३ घरमुली

घर कुनै घरको प्रमुख व्यक्तिलाई घरमुली भनिन्छ,जसको निर्देशनमा परिवारको निर्णय तथा कार्यन्वयन हुन्छ । अध्ययन क्षेत्रका ५३ जना उत्तरदाताहरुको घरमुली को छ भनेर अध्ययन गरिएको छ जसलाई तालिका नं ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.३**

**परिवारको घरमुली आधारमा उत्तरदाताको विवरण**

| विवरण | सख्यां | प्रतिशत |
|---|---|---|
| ससुरा | ३ | ५.६६ |
| सासु | २ | ३.७७ |
| आफै | ४१ | ७७.३५ |
| छोरा | ७ | १३.२० |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिका अनुसार एकल विधवा महिला आफै घरमुली रहेका अत्यन्त धेरै ४१ जना (७७.३५%) रहेको पाइयो । एकाघरमा  ससुरा घरमुली हुने  (५.६६%) प्रतिशत, छोरा घरमुली हुने (१३.२०) प्रतिशत र सासु घरमुली हुने (३.७७%) रहेको पाइयो । आफु घरमुली नहुने र आफनो नाममा घर जग्गा नभएका विधवा महिलाहरुले श्रीमानको मृत्यु सगैँ घरपरिवारमा पनि आफुलाई तल्लो दर्जामा हेरिएको र घरजग्गामा आफनो स्वामित्व नभएको बताएका थिए ।

## ५.४   श्रीमानको मृत्युको कारण

महिला र पुरुष एक सिक्काका २ वटा पाटा हुन । श्रीमान श्रीमतिको सयुक्तं सहयात्राले नै जिवनमा पुर्णता पाउछ । नेपाली समाज पितृसत्तात्मक भएको कारणले गर्दा श्रीमानको मृत्यु भैसके पश्चात महिलालाई विधवाको सज्ञां दिदै कष्टकर जिवन बाच्न बाध्य पारिन्छ । श्रीमान नहुदाँ महिलाहरुको आर्थिक,सामाजिक स्थिति निकै दयनिय र कमजोर हुन्छ । त्यसैले यस अध्ययनमा उत्तरदाताको श्रीमानको मृत्युका कारणलाई अध्ययनमा अनुसन्धान गरिएको छ । जसलाई तालिका नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.४**

**श्रीमानको मृत्युका कारणको आधारमा उत्तरदाताको विवरण**

| श्रीमानको मृत्युको कारण | सख्यां | प्रतिशत |
|---|---|---|
| दुर्घटना | १० | १८.८६ |
| कालगति | २९ | ५४.७१ |
| आत्महत्या | ० | ० |
| दिर्घरोग | १४ | २६.४१ |
| जम्मा | ५३ | १०० |

**स्रोतः स्थलगत अध्ययन,२०७४**

उक्त तथ्याकं अनुसार श्रीमानको मृत्यु हुनाको कारणमा सबैभन्दा बढि  २९ जना (५४.७१%) कालगतिल, १० जना (१८.८६) दुर्घटना,दिर्घरोग १४ जना (२६.४१) र आत्महत्या गरेर मृत्यु हुने शुन्य रहेको पाइयो । धेरै उत्तरदाताका श्रीमानहरु कालगतिले नै

मृत्युभएको र कसैका श्रीमान दुर्घटनामा परेर, कसैका श्रीमान दिर्घरोग जस्तै क्यान्सर, दम, मुटुरोग आदिका कारणबाट भएको र धेरै खर्च गरेर श्रीमानको औषधि उपचार गरे पनि केहि सिप नलागेको बताएका थिए ।

## ५.५ विवाहको प्रकार

विवाहका अनेक प्रकारहरु हुन्छन । विवाह एक सामाजिक संस्कार हो,जुन सस्कारले वैधानिक रुपमा महिला र पुरुषको सम्बन्धलाई कायम गर्दछ । विवाह अगाडि र विवाह पछि कुनै महिला र पुरुषको धेरै कुरामा परिवर्तन हुनुको साथै जिम्मेवारि पनि थपिन्छ । विवाहका किसिम अनुसार पनि घर परिवारले गर्ने व्यवहार फरक फरक खालको पाइन्छ । उत्तरदाताको विवाहको किसिमलाई तालिका नं ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका न. ५.५**

**उत्तरदाताहरुको विवाहको प्रकारको आधारमा विवरण**

| विवाहको प्रकार | सख्यां | प्रतिशत |
|---|---|---|
| मागी | ३९ | ७३.५८ |
| प्रेम | १४ | २६.४१ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिका अनुसार वैवाहिक स्थितिलाई हेर्दा धेरै ३९जना (७३.५८%) ले मागि विवाह गरेको पाइयो भने १४ जना  (२६.४१%) को प्रेमविवाह भएको पाइयो । प्रेमविवाह गर्ने विधवा महिलाहरुलाई दाइजो पनि नल्याएको निहुँमा पटक पटक झैझगडा गर्ने गरेको र विधवा हुदाँ पनि साथ नदिएको र मेरो छोरालाई खाई अलच्छिनले भन्ने जस्ता शब्द प्रयोग गर्दै सराप्ने व्यक्त गरेका थिए ।

## ५.६ परिवारको किसिम

हरेक महिलापुरुष समाजभित्रको परिवारमा बस्छन । हाम्रो नेपाली समाजमा विशेष गरि एकल र सयुक्तं गरी २ प्रकारको परिवार छ । एकल परिवार भन्नाले आमा,बाबा र उनिहरुका अबिबाहित छोराछोरी रहेका हुन्छन भने सयुंक्त परिवारमा

हजुरबा,हजुरआमा,बुवा,आमा,छोराछोरी र नातिनातिना रहेका हुन्छन । उत्तरदाताहरुको परिवारको किसिम कस्तो रहेको छ भनेर तालिका नं ५.६ मा देखाइएको छ ।

**तालिका नं ५.६**

**परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण**

| परिवारको किसिम | सख्यां | प्रतिशत |
|---|---|---|
| एकल | २४ | ४५.२८ |
| सयुंक्त | २९ | ५४.७१ |
| जम्मा | ५३ | १०० |

**स्रोत :स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा अध्ययन क्षेत्रका उत्तरदाताको परिवारको किसिमलाई हेर्दा धेरै २९ जना (५४.७१%) सयुक्तं परिवारमा रहने गरेको पाइयो भने २४ जना (४५.२८%) एकल परिवारमा रहेको पाइयो । सयुंक्त परिवारमा भएका विधवा महिलाहरुको स्वतन्त्रता र सम्पत्तिमा पनि स्वामित्व कम भएको कारणले आर्थिक भुमिका कम रहेको पाइयो । भने छोराछोरीको रोजगारी र गुणस्तरिय शिक्षाको लागी एकल परिवारमा रहेको बताए ।

## ५.७ स्वास्थ्य स्थिति

**तालिका नं ५.७**

**स्वास्थ्य स्थिति अनुसार उत्तरदाताको विवरण**

| रोग | सख्यां | प्रतिशत |
|---|---|---|
| स्वस्थ्यकर | १३ | २४.५२ |
| द्यम | ९ | १६.९८ |
| मधुमेह | ७ | १३.२० |
| ग्याष्ट्रिक | ११ | २०.७५ |
| उच्च रक्तचाप | १३ | २४.५२ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तथ्याकंलाई हेर्दा उत्तरदाताको स्वास्थ्य स्थितिलाई हेर्दा उत्तरदाताहरु १३ जना (२४.५२%) स्वस्थ्यकर ,९ जना (१६.९८%) लाई दम,७ जना (१३.२०%) लाई मधुमेह,११ जना (२०.७५%) लाई ग्याष्ट्रिक, १३ जना (२४.५२%) लाई उच्च रक्तचाप रहेको पाइयो । रोग लागेका उत्तरदाताले रोगकै कारणले आफुले दुख पाएको र उपचार गर्दा धेरै आर्थिक सकंट पर्ने गरेको बताएका थिए ।

## ५.८ प्रमुख आयस्रोत

कुनै पनि व्यक्ति बाच्नका लागी आयआर्जन गर्न जरुरी छ । आयआर्जन विभिन्न पेशामा लागेर गर्न सकिन्छ । हाम्रो  जस्तो अविकसित देशमा एउटा मान्छेले दैनिक रुपमा एउटा काम मात्रै गरेर जिविकोपार्जन गर्न धेरै कठिन छ । स्थलगत अध्ययनका क्रममा उत्तरदाताहरु कुन कुन पेशामा आबद्ध छन भनेर त्यसको विवरणलाई तालिका नं ५.८ मा देखाइएको छ ।

**तालिका नं ५.८**

**प्रमुख आयस्रोतको आधारमा उत्तरदाताको विवरण**

| आयस्रोतको प्रकार | सख्यां | प्रतिशत |
|---|---|---|
| कृषि | ५ | ९.४३ |
| नोकरी | २६ | ४९.०५ |
| व्यापार | १७ | ३२.०७ |
| घरभाडा | ५ | ९.४३ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा उत्तरदाताहरुको आर्थिक अबस्थालाई हेर्दा खेरि धेरै उत्तरदाता तथा घरपरिवारका २६ जना (४९.०५%) नोकरी, ५ जना कृषि (९.४३ ) व्यापार,व्यबसायमा १७ जना (३२.०७%) र घरभाडामा ५ जना (९.४३%) आबद्ध भएको पाइयो  । उत्तरदाताहरु आफनो व्यवहार

## ५.९ सामाजिक क्रियाकलापमा संलग्नता

अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई सामाजिक क्रियाकलामा सलग्नं हुनुहुन्छ कि छैन भन्ने प्रश्नको जवाफमा आएको विवरणलाई तालिका नं ५.९ मा देखाइएको छ ।

**तालिका नं ५.९**

**सामाजिक क्रियाकलापमा सलंग्नताका आधारमा उत्तरदाताको विवरण**

| क्रियाकलापमा | सख्यां | प्रतिशत |
|---|---|---|
| सलंग्न छु | २४ | ४५.२८ |
| सलंग्न छैन | २८ | ५२.८३ |
| थाहा छैन | १ | १.८८ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरु सामाजिक क्रियाकलापमा सलग्नं नभएका २८ जना (५२.८३%) प्रतिशत रहेको पाइयो भने २४ जना (४५.२८%) सामाजिक क्रियाकलापमा सलग्नं भएको पाइयो भने थाहा छैन भन्ने १ जना (१.८८%) पाइयो । विधवाहरु महिलाहरु आमासमुहमा, टोलसुधार समितिमा, कृषि सहकारी सस्थां, मानव अधिकारका लागी एकल महिला समुह आदिमा सलंग्न भएको पाइयो । यसै सर्न्दभमा साबित्री गिरी भन्नुहुन्छ :

## वैयक्तिक अध्ययन २

मेरो नाम साबित्री गिरी हो । मेरो विवाह २५ बर्षमा भयो । त्यसबेला मेरो श्रीमानको उमेर ३२ वर्ष थियो । हामी दुखसुखका साथ जीविकोपार्जन गरिरहेका थियौ । हाम्रा २ छोराहरु छन । जब म ३७ वर्षकी भए मेरा श्रीमानको क्यान्सरका कारणले गर्दा मृत्यु छोराहरु सानै थिए,त्यसबेला मेरो परिवारले पनि मलाई केहि साथ दिएन, उल्टै मलाई आरोप लगाएर गाली बेइज्यति गरे । परिवारले साथ नदिए पछि समाजका अन्य ब्यक्तिहरुले पनि मलाई केहि सहयोग गरेनन । श्रीमानको मृत्यु सगैं मेरा सारा खुशी चाहना पनि मरे जस्तै लाग्यो । तर म छोराहरुको उज्वल भविष्यका लागी नै जीवन विताउन चाहे । छोराहरु जब ठुला ठुला भए तब मेरा पिडाहरु पनि कम हुदै गयो र मेरो जीवनमा पनि निकै परिवर्तन भएको छ । म अहिले सामाजिक क्रियाकलापमा पनि आबद्ध छु यसले गर्दा मेरो क्षमता अभिबृद्धि भएको छ र आफना हक अधिकार प्रति सजग भएकि छु । मैले पुर्ण रुपमा रातो रगं लगाउनु हुदैन भन्ने मान्यता राख्दछु । र एक पटक विवाह भैसकेको महिलाले पुनर्विवाह गर्दा राम्रो हुन्छ भन्ने छैन । यदि महिलाले पुनर्विवाह गर्दा घरपरिवारको इज्यत जाने र छोराछोरीले पनि दुख पाउँदछन जस्तो लाग्छ ।

## ५.१० निर्णायक भुमिका

परिवारमा रहेका सदस्यहरुमध्ये घर ब्यबहारको जुनसुकै कार्यको निर्णय तथा कार्यन्वयन गर्नका लागी निर्णायक भुमिका खेल्ने ब्यक्ति महत्वपुर्ण हुन्छ । जसले कुनै पनि सर्न्दभमा उपयुक्त निर्णय गर्न सक्ने क्षमता हुनुपर्दछ । हाम्रो नेपाली समाजमानिर्णय भुमिकामा धेरै जसो पुरुषले नै गर्दै आएको पाइन्छ । यस अध्ययनमा नेपाली समाजका विधवा महिलाहरुको निर्णयात्मक भुमिकाको अवस्थालाई अध्ययन गरिएको छ । जसलाई तालिका नं ५.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१०**

**निर्णायक भुमिका अनुसार उत्तरदाताको विवरण**

| निर्णयहरु | सख्यां | प्रतिशत |
|---|---|---|
| महत्वपुर्ण | ३३ | ६२.२६ |
| सामान्य | १९ | ३५.८४ |
| हुदैन | १ | १.८८ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा अध्ययन क्षेत्रका धेरै विधवा महिलाहरु ३३ जना (६२.२६%) को परिवार तथा समाजमा महत्वपुर्ण भुमिका हुने, १९ जना (३५.८४%) को निर्णय सामान्य र १ जना (१.८८%) को थाहा छैन भन्ने कुरा रहेको पाइयो । विधवा महिलाहरु जो प्रौढ अवस्थामा पुगिसकेका छन र जसको घरमा छोराबुहारी छन उनिहरुको निर्णायक भुमिका सामान्य हुने र जसका छोराछोरी पढाईको र रोजगारीको शिलशिलामा बिदेसिएका छन सबै कारोबार,व्यवहार उनिहरुले नै गर्ने हुनाले निर्णायक भुमिका महत्वपुर्ण रहेको पाइयो ।

## ५.११ श्रृगांरप्रतिको दृष्टिकोण

श्रृगार भन्नाले महिलाहरुले आफनो सुन्दरताको लागी लगाउने विभिन्न साधनलाई जनाउदछँ । हाम्रो नेपाली समाजमा विधवा महिलाहरुले के लगाउने र के लगाउन नहुने भन्ने मान्यता रहेको पाइन्छ । ति मध्ये विशेष गरेर चुरा ,पोते,रातो रगं तथा अन्य श्रीगांरका सामानहरु प्रयोग गर्नु हुन्छ कि हुदैन भनेर गएिको अध्ययन तालिका नं ५.११ मा देखाइएको छ ।

**तालिका नं ५.११**

**श्रृगारंप्रतिको दृष्टिकोण अनुसार उत्तरदाताको विवरण**

| श्रृगारंको प्रकार लगाउनु | सख्यां | प्रतिशत |
|---|---|---|
| हुन्छ | ४३ | ८१.१३ |
| हुदैन | ८ | १५.०९ |
| थाहा छैन | २ | ३.७७ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तथ्याकंलाई हेर्दा उत्तरदाताहरुलाई रातो वस्त्र तथा श्रीगारंका सामग्रीहरु लगाउन हुन्छ कि हुदैन भनी गरिएको अध्ययनमा धेरै ४३ जना (८१.१३%) ले हुन्छ , ८ जना (१५.०९%)ले हुदैन र २ जना (३.७७%) ले थाहा छैन भनेको देखियो । विधवा महिलाहरु धेरैले श्रृगारंका सामग्रीहरु लगाउन हुन्छ भन्ने पाइयो । समयको मागसगैं आफुलाई परिवर्तन गरी रातो रगं प्रयोग गर्दा मानसिकतामा पनि सकरात्मक प्रभाव पर्ने र पुरुषको नकरात्मक दृष्टिकोणबाट पनि जोगिने धारणा रहेको पाइयो ।

## ५.१२ धार्मिक तथा सांस्कृतिक कार्यक्रम र पारिवारिक संस्कारमा सहभागी

श्रीमानको मृत्यु भएका एकल विधवा महिलाहरुलाई फरक फरक समाजले फरक दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । ५३ जना उत्तरदाताको उत्तरको आधारमा उनिहरु बसेको समाज वा परिवारले  उनिहरुलाएं धार्मिक तथा सांस्कृतिक कार्यक्रम र पारिवारिक संस्कारमा सहभागी गर्छन कि गर्दैनन भन्ने कुरालाई तालिका नं ५.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१२**

**धार्मिक तथा सास्कृंतिक संस्कारमा सहभागीका आधारमा उत्तरदाताहरुको विवरण**

| सहभागी हुने | सख्यां | प्रतिशत |
|---|---|---|
| सहभागी गर्दछन | ४५ | ८४.९० |
| सहभागी गर्दैनन | ८ | १५.०९ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तथ्याकंलाई हेर्दा परिवारले तथा समाजले कुनै पारिवारिक सस्कार,धार्मिक तथा सामाजिक कार्यक्रममा सहभागी गर्छन कि गर्दैनन भनेर गरिएको अध्ययनमा सबैभन्दा धेरै ४५ जना (८४.९०% )ले गर्छन भनेका थिए भने ८ जना (१५.०९%) ले गर्दैनन भनेका थिए । विधवा महिलाहरुले धार्मिक तथा सांस्कृतिक संस्कारलाई सकरात्मक रुपमा हेर्ने गरेको र त्यस्ता धार्मिक तथा सांस्कृतिक सस्कारमा सहभागी हुदाँ दुख,पिर, चिन्ता आदि कम हुने र मन पनि शान्त र खुशी हुने कारणले धार्मिक कार्यक्रममा सहभागी हुने गरेको पाइयो ।

## ५.१३ बिदुर र बिधवा बिबाह सम्बन्धि धारणा

नेपाली समाजमा श्रीमानको मृत्यु भएका महिलाहरुलाई विधवा र श्रीमतिको मृत्यु भएका पुरुषलाई विदुर भन्ने गरेको पाइन्छ । समाजमा कुनै पनि पुरुषले आफनी श्रीमतिको मृत्यु भएको खण्डमा एकल विधवा महिलालाई विहे गर्न खोज्दैन,र उत्तरदाताहरुसगँ यसको कारणहरु के के होला भनेर अध्ययन गर्दा उनिहरुको भनाईका आधारमा तालिका नं ५.१३ मा उल्लेख गरिएको छ ।

**तालिका नं ५.१३**

**उत्तरदाताको विदुर र विधुवा विवाह सम्बन्धिको धारणाको आधारमा विवरण**

| कारण | सख्यां | प्रतिशत |
|---|---|---|
| पुरुषको घमण्ड | ५ | ९.४३ |
| कन्या केटि नै चाहिएर | ७ | १३.२० |
| इज्यत जाने डरले | १४ | २६.४१ |
| बालबच्चा स्याहार्ने पिरले | २७ | ५०.९४ |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिका अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुसगँ विदुरहरुले विधवाहरुलाई विवाह नगर्ने कारणहरुको विषयमा सोध्दा ५ जना (९.४३% ) ले पुरुषको घमण्डका कारणले, ७ जना ( १३.२०%) ले कन्या केटि नै चाहिने भएर,१४ जना (२६.४१%)इज्यत जाने डरले,२७ जना (५०.९४%) ले बालबच्चा स्याहार्ने पिरले गर्दा विधवालाई विवाह नगर्ने कारण भनेको पाइयो । कुनै विदुर पुरुषले आफनी श्रीमति मरिसकेको खण्डमा पनि आफनो घमण्ड ,पारिवारिक संस्कार र परिवारको दवावले नै विधवालाई विवाह गर्न नहुने मान्यता राखेको आफनो समाजमा पनि कुनै बिदुर पुरुषले विधवालाई विवाह गर्ने प्रचलन नभएको वा नदेखेको धेरैको धारणा थियो । यसै सर्न्दभमा गोमा कुमारी खत्री भन्नुहुन्छ :

**वैयक्तिक अध्ययन ३**

मेरो नाम गोमा खत्री हो र म अहिले ५५ बर्षकी भए । मेरो सानै उमेरमा विवाह भयो ,विवाह गर्दा मेरो उमेर १३ वर्षको मात्रै थियो । त्यसबेला मेरो श्रीमानको उमेर ३९ थियो । विवाह पछि हामीले परिवार नियोजन सम्बन्धि कुनै साधन पनि प्रयोग गरेका थिएनौ तर हाम्रा बालबच्चाहरु भएनन । विवाहको ३२ वर्ष पछि श्रीमानको मृत्यु भयो । छोराछोरी नभएका कारणले गर्दा श्रीमानको काजक्रिया पनि मैले नै गर्नु पर्‍यो । श्रीमानको मृत्युको १ वर्ष सम्म सेतो र त्यसपछि रातो बस्त्र लगाउन सुरु गरे । मलाई नराम्रो दृष्टिकोणले हेर्ने मानिसहरुका अगाडि साहसी बन्नका  पनि रातो लगाउनु पर्छ भन्ने धारणाका साथ रातो कपडा सगैं श्रीगारंका वस्तुहरु लगाउन जरुरी छ भन्ने लाग्यो । श्रीमानको मृत्यु पछि मलाई घरपरिवारमा एकदमै समस्या भयो । केहि समय पछि म परिवार देखी छुट्टै बस्न थाले तर मलाई विभिन्न आरोप लगाएर गालीगलौज गर्ने गर्दथे तर म निडर रुपमा सामाजिक क्रियाकलापमा सलगंन भएकी छु । श्रीमानको मृत्यु भए पनि श्रीमानकै सतमा बस्ने चाहनाका कारण पुनर्विवाह गरिन । र युवा अवस्थामा नै विधवा भएका महिलाहरुको यदि चाहना भएमा र घर परिवारले पनि साथ दिन्छ भने समय र परिस्थिति असल पुरुष हा की होइन बुझ्रेर पुनर्विवाह गर्दा राम्रो हुन्छ ।

## ५.१४ सामाजिक सुरक्षा भत्ताले पारेको प्रभाव

विधवा भएका महिलाहरुका हक र अधिकारका सर्न्दभमा राज्यले उनिहरुको अधिकार सुनिश्चित हुने गरी केहि सामाजिक सुरक्षा भत्ता प्रदान गरेको छ । राज्यले प्रदान गरेको भत्ताले उनिहरुको जिवनमा के कस्तो सहयोग गरेको छ त भनेर उत्तरदातासगँको अध्ययन

तालिका नं ५.१६ मा देखाइएको छ ।

**तालिका नं ५.१४**

**सामाजिक सुरक्षा भत्ताले गरेको सहयोगको आधारमा उत्तरदाताहरुको विवरण**

| सहयोग | सख्यां | प्रतिशत |
|---|---|---|
| **छोराछोरीको फिस तिर्न** | **१८** | **३३.९६** |
| तरकारी ,नुनतेल किन्न | **१३** | **२४.५२** |
| **पकेट खर्च,हिडडुल खर्च** | **१२** | **२२.६४** |
| **औषधि खर्च** | **१०** | **१८.८६** |
| जम्मा | **५३** | **१००** |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा विधवा महिलाहरुलाई राज्यले प्रदान गरेको सामाजिक सुरक्षा भत्ताले गरेको सहयोगको बारेमा अध्ययन गर्दा १८ जना (३३.९६%) ले छोराछोरीको फिस तिर्न ,१३ जना(२४.५२%) ले तरकारी , नुनतेल किन्न, १२ जना(२२.६४%) ले पकेट खर्च ,हिडडुलँ खर्च र १० जना (१८.८६%) ले औषधि खर्चमा सहयोग छ भनेर भनेको पाइयो । राज्यले दिएको सुरक्षा भत्ताले उनिहरुको आर्थिक जिवनमा सकरात्मक प्रभाव पारेको भए तापनि त्यो पर्याप्त नभएको र भत्ता थप भए दैनिक जिवन थोरै भए पनि सहज हुने धेरै विधवा महिलाहरुको गुनासो रहेको थियो ।

## ५.१५ समाज तथा परिवारमा भोग्नुपरेका समस्याहरु

श्रीमानको मृत्युसगैं विधवाले समाज तथा परिवारमा अनेक किसिमको समस्याहरुको सामना गर्नुपरेको हुन्छ । आफनो श्रीमानको मृत्यु भैसके पश्चात एउटा विधवा महिलाको जीवनमा नै उथलपुथल हुन्छ । महिलालाई समाज तथा परिवारले हेर्ने दृष्टिकोणमा फरकपना आउछ र परिवार सचांलन गर्नका लागी आर्थिक भार पनि उनिहरु माथि नै आइपरेको हुन्छ साथै छोराछोरीको लालनपोषण र साना ठुला कार्यको निर्णय उनिहरु माथि नै थपिने गर्दछ । समाजमा पनि उनिहरुलाई विभिन्न किसिमका लान्छना लगाउनुका साथै परिवारले पनि साथ दिदैन । त्यसकारण उत्तरदाताले भोग्नुपरेका समस्याहरु के के रहेका छन भनेर तालिका नं ५.१५ मा प्रष्ट पारिएको छ ।

**तालिका नं ५.१५**

**समाजमा बिधवाले भोग्नुपरेको समस्याका आधारमा उत्तरदाताको विवरण**

| **समस्याहरु** | **सख्यां** | **प्रतिशत** |
|---|---|---|
| आर्थिक भार | ८ | १५.०९ |
| नकरात्मक दृष्टिकोण | ७ | १३.२० |
| असहयोग | १९ | ३५.८४ |
| तिरष्कार ,घृणा | ९ | १६.९८ |
| आरोप लाउने,शकां गर्ने | ५ | ९.४३ |
| बालबच्चाको  तथा घरपरिवारको जिम्मेवारी एक्लै लिनु पर्ने | ५ | ९.४३ |
| **जम्मा** | ५३ | १०० |

**स्रोतः स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरुसगँ विधवा भैसके पछि के के समस्याको सामना गर्नु पर्दछ भन्ने कुराको अध्ययन गर्दा ८ जना १५.०९%) ले आर्थिक भार , ७ जना (१३.२०%) ले नकरात्मक दृष्टिकोण , १९ जना (३५.८४ ) ले असहयोग , ९ जना (१६.९८%) ले तिरष्कार, घृणा ५ जना (९.४३ %) ले आरोप लगाउने, शकां गर्ने र ५ जना( ९.४३%) ले बालबच्चाको  तथा घरपरिवारको जिम्मेवारी एक्लै लिनु पर्ने समस्याहरु रहेको धारणा व्यक्त गरे । विधवा महिलाहरुले समाज तथा परिवारमा आर्थिक भार सगँसगै सबैको नकरात्मक दृष्टिकोण, असहयोग, तिरष्कार, घृणा, आरोप, शकां गर्ने, बालबच्चाको तथा घरपरिवारको जिम्मेवारी एक्लै लिनु पर्ने जस्ता समस्या रहेको तर कुनै ठाउँमा जाँदा विधवा भएकै कारणले सहानुभुति तथा स्नेह पाउने पनि पाउने गरेको बताए ।

## ५.१६ विधवा महिलाले राज्य तथा समाजसगँ राखेको अपेक्षा

कुनै पनि श्रीमानको मृत्यु भएका विधवा महिलाहरुका फरक आवश्यकताहरु रहेका हुन्छन । उनिहरुका हक,अधिकार र समस्याहरुलाई सम्बोधन गर्नका लागी राज्य तथा समाजले आ आफनो तर्फबाट सकेको भुमिका निर्वाह गर्नुपर्ने हुन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुको राज्य तथा समाज सगँ गरेका अपेक्षाहरु तलिका नं ५.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१६**

**राज्य तथा समाजसगँ गरेको अपेक्षाको आधारमा उत्तरदाताको दृष्टिकोण**

| अपेक्षाहरु | सख्यां | प्रतिशत |
|---|---|---|
| भत्ता बढाउने | १८ | ३३.९६ |
| तालिम दिने तथा सिप सिकाउने | १९ | ३५.८४ |
| रोजगारी दिने | ९ | १६.९८ |
| बालबच्चाको शिक्षा तथा स्वास्थ्यमा सहुलियत दिनुपर्ने | ७ | १३.२० |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिकालाई हेर्दा राज्य तथा समाजसगँको अपेक्षाको आधारमा उत्तरदाताहरुको दृष्टिकोण अनुसार १८ जना (३३.९६%) भत्ता बढाउने , १९ जना (३५.८४%) ले तालिम दिने तथा सिप सिकाउने , ९ जना (१६.९८%) रोजगारी दिने र ७ जना (१३.२०%) ले बालबच्चाको शिक्षा तथा स्वास्थ्यमा सहुलियत दिनुपर्ने धारणा ब्यक्त गरेको देखियो । विधवा महिलाहरुले राज्य तथा समाजले आर्थिक तथा सामाजिक जिवनमा केहि सकरात्मक परिवर्तनका लागी आवश्यक कदम चालिदिएको खण्डमा धेरै सहयोग र सुबिधा हुने त्यस्तै आफुमा आत्मविश्वास तथा सशक्तिकरण बढ्ने र आर्थिक जीवनमा पनि सुधारात्मक रुपमा परिवर्तन हुने अपेक्षा र आसाहरु ब्यक्त गरेका थिए ।

## ५.१७ विधवालाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन

श्रीमान गुमाएका महिलाहरु अत्यन्तै पिडित अबस्थाबाट दिन गुजार्न बाध्य हुन्छन । समाज तथा परिवारको तिरस्कारका कारण पनि कतिपय विधवा महिलाहरु आत्महत्या गर्ने,मानसिक रोगबाट गुज्रने आदि भैरहेको पाइन्छ । उनिहरुलाई हेला र तिरस्कार गरि विभिन्न किसिमका अपशब्दहरु,गाली गलौज गर्ने परिवार तथा समाजमा कडा नियमकानुन बनाएर उनिहरुको हक अधिकार सुनिश्चित गर्नका लागी विधवा महिलाहरुलाई अरु महिलाहरु सरह हेर्न र उनिहरुलाई पनि अरु महिलाहरु जस्तै समान व्यवहार गर्न कुनै पनि परिवार,समाज तथा राज्यको दायित्व हो । र यसकारण त्यहाँका उत्तरदाताको विचारहरु तालिका नं ५.१७ मा देखाइएको छ ।

## तालिका नं ५.१७

## दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउन पहल अनुसार उत्तरदाताको विवरण

| आवश्यक कदमहरु | सख्यां | प्रतिशत |
|---|---|---|
| समान नियमकानुनहरु बनाउने | २१ | ३६.६२ |
| जनचेतना फैलाउन जरुरी | १७ | ३२.०७ |
| प्रत्येक व्यक्तिहरुले आफनै सोच तथा मानसिकतामा परिवर्तन ल्याउन आवश्यक | १५ | २८.३० |
| जम्मा | ५३ | १०० |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

उक्त तालिका अनुसार अध्ययन क्षेत्रमा विधवा महिलाहरुलाई हेर्नका लागी सकरात्मक परिवर्तन ल्याउनका लागी के के कदम चाल्न जरुरी छ भनेर गरिएको अध्ययनमा २१ जना (३६.६२%) ले समान नियमकानुनहरु बनाउने, १७ जना (३२.०७%) ले जनचेतना फैलाउन जरुरी र १५ जना (२८.३०%) ले प्रत्येक व्यक्तिहरुले आफनै सोच तथा मानसिकतामा परिवर्तन ल्याउन आवश्यक रहेको बताएको पाइयो । विधवा महिलाहरुले अझै पनि समाज सर्कुचित रहेको र विधवा प्रतिको दृष्टिकोण अझै पनि सकरात्मक नभएकै कारणले राज्य र समाजले विधवा महिलाहरुलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउनका लागी आवश्यक नितिनिर्माण गर्ने र त्यसको कार्यान्वयन पनि प्रभावकारी रुपमा हुन जरुरी रहेको सबैको भनाई थियो ।

## वैयक्तिक अध्ययन ४

मेरो नाम गीतादेवि कोइराला हो । म अहिले ४४ वर्षकी भए । मेरो विवाह १९ वर्षमा भएको हो । त्यसबेला श्रीमानको उमेर २१ वर्षको थियो । विवाह पछि एकदमै हासीँखुसी र मिलीजुली जिवन वितिरहेको थियो । हामीले कृषि पेशा गरेर जीकिकोपार्जन गरिरहेका थियौ । परिवारबाट पनि आवश्यक परेको खण्डमा सहयोग हुन्थ्यो । जब श्रीमान २८ वर्षको हुनुभयो, त्यतिबेला उहाँको गाडिले हानेर दुर्घटना भयो र उपचार पनि सफल भयो । फेरी स्वास्थ्य हुनुभयो । पछि घर फर्किसकेपछि २ वर्ष जति वित्यो । त्यसपछि फेरी दुर्घटनामा लागेको घाउ बल्झियो र उपचार गर्दागर्दै पनि श्रीमानको मृत्यु भयो । त्यसबेला मेरो उमेर २८ वर्षको थियो । छोरी ३ वर्षकी र छोरा १.५ वर्षको थियो । त्यसपछि मेरा सर्घंषका दिन सुरु भए । छोराछोरीलाई कक्षा १० सम्म मेरो माइतीको दाजुले पढाईदिनु भयो । पछि छोरीलाई छात्रवृत्ति पर्‍यो । छोरालाई जेनतेन गरेर छोरालाई पढाए । यो बिचको समयमा श्रीमानका आफन्तबाट पनि केहि सहयोग पाइन । अहिले म कृषि गरेर नै जीविकोपार्जन गर्छु र छोराछोरीलाई पढाउछुँ । कुनै कुनै समयमा समाजका केहि व्यक्तिहरुले अपशब्द भनेर सराप्ने,गाली गर्ने गर्दर्थे । र अहिले म आमा समुहमा,टोल सुधार समितिमा र कृषि सहकारी सस्थांमा आबद्ध छु । अहिले म मा धेरै परिवर्तन भएका छन र म भित्र पनि केहि गर्न सक्छु अरु महिलाहरु सरह भन्ने आत्मविश्वास जागेको छ । र म मा केहि मात्रामा भएपनि क्षमता अभिबृद्धि भएको छ,यसको सम्पुर्ण श्रय म आबद्ध भएका सस्थां र त्यहाका सदस्यहरुलाई जान्छ । मैले बच्चाहरु सानासाना भएका कारणले गर्दा पुनर्विवाहको बारेमा सोच्न सकिन तर विधवाहरुको पुनर्विवाह प्रति मेरो सकरात्मक धारणा छ,यदि कोहि युवा अवस्थामा नै विधवा भएर उनिहरुका छोराछोरी पनि छैनन भने र असल मानिस खोजेर पुनर्विवाह गर्दा राम्रो हुन्छ ।

## ५.१८ पुनर्विवाह प्रतिको धारणा

पुनर्विवाह भन्नाले पुनः विवाह गर्नुलाई बुझिन्छ । श्रीमानको मृत्यु पश्चात र पहिलो श्रीमान हुदाँहुदै पनि दोस्रो विवाह गरेको पाइन्छ । यहाँ श्रीमान गुमाएका महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा के रहेको छ त ,विधवा भएपछि पुनर्विवाह गर्नु उचित कि अनुचित भन्ने कुरालाई विषय बनाएर त्यस दृष्टिकोणलाई आधार मानेर अध्ययन गरिएको छ । यसलाई तालिका नं ५.१८.क र तालिका नं ५.१८.ख मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१८.क**

**पुर्नविवाहप्रतिको सकरात्मक धारणाको आधारमा उत्तरदाताको विवरण**

| सकरात्मक धारणा | सख्यां | प्रतिशत |
|---|---|---|
| जैविक आवश्यकता पुरा गर्न | १८ | ३३.९६ |
| छोराछोरीलाई बाबुको माया तथा स्नेह प्राप्त हुने | ११ | २०.७५ |
| एकान्तपन हटाउन | १३ | २४.५२ |
| दुखसुख बाड्ने  साथी | ११ | २०.७५ |
| जम्मा | ५३ | १०० |

**स्रोत :स्थलगत अध्ययन,२०७४**

**तालिका नं ५.१८.ख**

**पुर्नविवाहप्रतिको नकरात्मक धारणाको आधारमा उत्तरदाताको विवरण**

| नकरात्मक धारणा | सख्यां | प्रतिशत |
|---|---|---|
| परिवारको इज्यत जाने | १९ | ३५.८४ |
| छोराछोरीको घरवार बिग्रिने | १५ | २८.३० |
| पाप लाग्ने | १३ | २४.५२ |
| श्रीमानका सतमा बस्नुपर्ने | ६ | ११.३२ |
| जम्मा | ५३ | १०० |

**स्रोत :स्थलगत अध्ययन,२०७४**

उक्त तथ्याकंका अनुसार उत्तरदाताहरुको पुनर्विवाह प्रतिको सकरात्मक धारणा अनुसार गरिएको अध्ययनमा उनिहरुले युवा अवस्थामा नै विधवा भएका महिलाहरुले पुर्नविवाह गर्दा राम्रो हुने बताउदै उत्तरदाताहरु मध्ये १८ जना (३३.९६%) ले जैविक आवश्यकता पुरा हुने , ११ जना ( २०.७५%) ले छोराछोरीलाई बाबुको स्नेह,मायाममता प्राप्त हुने,१३ जना ( २४.५२%) ले एकान्तपन हटने र ११ जना (२०.७५%)दुखसुख बाडने साथि पनि हुने खालको धारणा थियो भने उत्तरदाताहरुको पुनर्विवाह प्रतिको नकरात्मक धारणा अनुसार गरिएको अध्ययनमा विधवा महिलाहरुले पुनर्विवाह गर्दा १९ जना ( ३५.८४%) ले परिवारको इज्यत

जाने, १५ जना(२८.३०%) छोराछोरीको घरवार बिग्रने,१३ जना(२४.५२%) ले पाप लाग्ने र ६ जना(११.३२%) ले श्रीमान मरे पनि आफना इच्छा चाहना दबाएरै भए पनि श्रीमानकै सतमा बस्न आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

# अध्याय ६

# सारशं र निष्कर्ष

## ६.१ सारांश

यस क्षेत्रमा अरु विषयमा केन्द्रित भएर अध्ययन अनुसन्धान भए पनि यस विषय "***विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा*** " मा अध्ययन नभएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । यस अध्ययनलाई वर्णनात्मक र विश्लेषणात्मक गरि २ किसिमका ढाचाँहरुमा ढालि अध्ययन क्षेत्रका विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा के कस्तो रहेको छ र विधवाहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन भन्ने प्रश्नहरुको उत्तर खोजिएको छ । यस अध्ययनमा सिमित क्षेत्र र स्थानलाई छनौट गरी देशभित्र छरिएर रहेका विधवा महिलाहरुको अध्ययन गर्न नसके पनि पो.ले.म.न.पा ५ मा बस्ने विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा र पुनर्विवाह नगर्नुका कारणहरु मात्रै उतार्ने प्रयास गरिएको छ ।

यो अध्ययनमा प्राथमिक तथा द्धितिय दुवै किसिमका सुचनाहरु समावेश गरिएता पनि प्राथमिक सुचनाहरुलाई बढि प्राथमिकता दिइएको छ । पो.ले.म.न.पा वडा नं. ५ का १०६ जना विधवा महिलाहरु मध्ये (५० प्रतिशत) ५३ जनालाई उद्देश्यमुलक नमुना छनोट विधि अवलम्बन गरी छनोट गरिएको छ ।  उत्तरदाता र मुख्य सुचनादाताहरुसगँ अर्न्तवार्ता अनुसुची र केहि उत्तरदाताहरुको वैयत्तिक अध्ययनद्धारा आवश्यक सुचनाहरु सकंलन गरिएको छ । सकंलित तथ्याकंहरुलाई अध्ययनको उद्देश्य अनुसार वर्णनात्मक र विश्लेषणात्मक रुपमा तथ्याकं प्रस्तुत गरिएको छ । जसमा तालिका र प्रतिशतद्धारा तथ्यहरुलाई प्रस्तुतिकरण र विश्लेषण गरिएको छ ।

### मुख्य प्राप्तिहरु

- अध्ययन क्षेत्रमा ५३ जनाको उमेर स्थितिलाई हेर्दा ति मध्ये ४० वर्षदेखी माथिका ४१ जना (७७.३५%) र २० वर्ष भन्दा मुनिका शुन्य रहेको  पाइयो । उमेर ढल्किसकेका विधवा महिलाहरु घरपरिवारको जिम्मेवारी काममा व्यस्त रहेको पाइयो भने युवा अवस्थाका र प्रौढ अवस्थाका महिलाहरु वाहिरी कामकाजका साथै

सामाजिक नितिनिर्माण तथा कार्यन्वयनका सक्रिय रुपमा लागीपरेको पाइयो ।

- उत्तरदाताहरु हिन्दु धर्म मान्ने ४१ जना (७७.३५%) , बौद्ध धर्म मान्ने ७ जना (१३.२०%) र क्रिस्चियन धर्म मान्ने (९.४३%) रहेको देखिन्छ । यसरी हेर्दा यस क्षेत्रमा धेरै जसो विधवा महिला ब्राम्ह्ण रहेका र उनिहरु हिन्दु धर्म प्रति आस्था राख्दै पुजापाठमा र धर्मकर्ममा विश्वास गर्ने र विभिन्न हिन्दु धार्मिक परम्परा र चाडवाडहरु मनाइने गरेको पाइयो ।
- उक्त तथ्याकंलाई हेर्दा उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा प्रायजसो सबैभन्दा बढि निरक्षर १६ जना (३०.१८%) र साक्षर १६ जना (३०.१८%), प्राथमिक शिक्षा १२ जना (२२.६४%), माध्यामिक शिक्षा ७ जना (१३.२०%) भने अध्ययन क्षेत्रका २ जना (३.७७% ) ले उच्च शिक्षा हासील गरेको देखिएको छ ।
- धेरै उत्तरदाता ब्राम्ह्ण १६ जना ( ३०.१८%) ,क्षत्रि १४ जना (२६.४१ %),जनजाति १०(१८.८६%) र त्यसपछि दलित १३ जना (२४.५२%) रहेको पाइयो । उत्तरदाता धेरै बाम्ह्ण जातीले हिन्दु परम्परा अनुसार नै विवाह भएको र विधवा भए पनि हिन्दु संस्कार अनुसार नै आफनो धर्म निभाउने बताए ।
- विधवा भएको उमेरलाई हेर्दा धेरै जसो ३० वर्ष देखी माथीका ४६ जना (८६.७९%) र ३० वर्ष भन्दा कम उमेरमा विधवा भएका ७ जना (१३.२०%) रहेको देखिन्छ । कम उमेरमा विधवा भएका महिलाहरुले पहिला साह्रै दुख पाएको,कसैको सहयोग नपाएको तर अहिले सक्षम भएको र बालबच्चाको जिम्मेवारी पनि सम्हाल्न सकेको पाइयो ।
- बालबच्चा भएका उत्तरदाताहरु ४९ जना (९२.४५%) र बालबच्चा नै नभएका ४ जना (७.५४%) भएको पाइयो । बालबच्चा भएका विधवा महिलाहरुले श्रीमान पछि बालबच्चा नै आफ्नो सहारा बनेको र हरेक सुखदुखमा साथ दिएको बताएका थिए भने बालबच्चा नभएका उत्तरदाताले बालबच्चा नभए पनि आफुलाई कुनै गुनासो नरहेको र जीवन विताउन बालबच्चा हुनै पर्छ भन्ने नलागेको बताए ।
- एकल विधवा महिला आफै घरमुली रहेका अत्यन्त धेरै ४१ जना (७७.३५%) रहेको पाइयो । एकाघरमा ससुरा घरमुली हुने (५.६६%) प्रतिशत, छोरा घरमुली हुने ( १३.२०) प्रतिशत र सासु घरमुली हुने (३.७७%) रहेको पाइयो ।

- श्रीमानको मृत्यु हुनाको कारणमा सबैभन्दा बढि २९ जना (५४.७१%) कालगतिल, १० जना (१८.८६) दुर्घटना,दिर्घरोग १४ जना (२६.४१) र आत्महत्या गरेर मृत्यु हुने शुन्य रहेको पाइयो । धेरै उत्तरदाताका श्रीमानहरु कालगतिले नै मृत्युभएको र कसैका श्रीमान दुर्घटनामा परेर, कसैका श्रीमान दिर्घरोग जस्तै क्यान्सर, दम, मुटुरोग आदिका कारणबाट भएको र धेरै खर्च गरेर श्रीमानको औषधि उपचार गरे पनि केहि सिप नलागेको बताएका थिए ।
- वैवाहिक स्थितिलाई हेर्दा धेरै ३९जना (७३.५८%) ले मागि विवाह गरेको पाइयो भने १४ जना (२६.४१%) को प्रेमविवाह भएको पाइयो । प्रेमविवाह गर्ने विधवा महिलाहरुलाई दाइजो पनि नल्याएको निहुँमा पटक पटक झैझगडा गर्ने गरेको र विधवा हुदाँ पनि साथ नदिएको र मेरो छोरालाई खाई अलच्छिनले भन्ने जस्ता शब्द प्रयोग गर्दै सराप्ने व्यक्त गरेका थिए ।
- अध्ययन क्षेत्रका उत्तरदाताको परिवारको किसिमलाई हेर्दा धेरै २९ जना (५४.७१%) सयुक्तं परिवारमा रहने गरेको पाइयो भने २४ जना (४५.२८%) एकल परिवारमा रहेको पाइयो । सयुंक्त परिवारमा भएका विधवा महिलाहरुको स्वतन्त्रता र सम्पत्तिमा पनि स्वामित्व कम भएको कारणले आर्थिक भुमिका कम रहेको पाइयो । भने छोराछोरीको रोजगारी र गुणस्तरिय शिक्षाको लागी एकल परिवारमा रहेको बताए ।
- उत्तरदाताको स्वास्थ्य स्थितिलाई हेर्दा उत्तरदाताहरु १३ जना (२४.५२%) स्वस्थ्यकर ,९ जना (१६.९८%) लाई दम,७ जना (१३.२०%) लाई मधुमेह,११ जना (२०.७५%) लाई ग्याष्ट्रिक, १३ जना (२४.५२%) लाई उच्च रक्तचाप रहेको पाइयो । रोग लागेका उत्तरदाताले रोगकै कारणले आफुले दुख पाएको र उपचार गर्दा धेरै आर्थिक सकंट पर्ने गरेको बताएका थिए ।
- उत्तरदाताहरुको आर्थिक अबस्थालाई हेर्दा खेरि धेरै उत्तरदाता तथा घरपरिवारका २६ जना (४९.०५%) नोकरी, ५ जना कृषि (९.४३ ) व्यापार,व्यबसायमा १७ जना ( ३२.०७%) र घरभाडामा ५ जना (९.४३%) आबद्ध भएको पाइयो ।
- उत्तरदाताहरु सामाजिक क्रियाकलापमा सलग्नं नभएका २८ जना (५२.८३%) प्रतिशत रहेको पाइयो भने २४ जना (४५.२८%) सामाजिक क्रियाकलापमा सलग्नं भएको पाइयो भने थाहा छैन भन्ने १ जना (१.८८%) पाइयो । विधवाहरु महिलाहरु आमासमुहमा, टोलसुधार समितिमा, कृषि सहकारी सस्थां, मानव अधिकारका लागी

एकल महिला समुह आदिमा सलंग्न भएको पाइयो ।

- अध्ययन क्षेत्रका धेरै विधवा महिलाहरु ३३ जना (६२.२६%) को परिवार तथा समाजमा महत्वपुर्ण भुमिका हुने, १९ जना (३५.८४%) को निर्णय सामान्य र १ जना (१.८८%) को थाहा छैन भन्ने कुरा रहेको पाइयो । विधवा महिलाहरु जो प्रौढ अवस्थामा पुगिसकेका छन र जसको घरमा छोराबुहारी छन उनिहरुको निर्णायक भुमिका सामान्य हुने र जसका छोराछोरी पढाईको र रोजगारीको शिलशिलामा बिदेसिएका छन सबै कारोबार,व्यवहार उनिहरुले नै गर्ने हुनाले निर्णायक भुमिका महत्वपुर्ण रहेको पाइयो ।
- उत्तरदाताहरुलाई रातो वस्त्र तथा श्रीगांरका सामग्रीहरु लगाउन हुन्छ कि हुदैन भनी गरिएको अध्ययनमा धेरै ४३ जना (८१.१३%) ले हुन्छ , ८ जना (१५.०९%)ले हुदैन र २ जना (३.७७%) ले थाहा छैन भनेको देखियो । विधवा महिलाहरु धेरैले श्रृगांरका सामग्रीहरु लगाउन हुन्छ भन्ने पाइयो । समयको मागसगैं आफुलाई परिवर्तन गरी रातो रगं प्रयोग गर्दा मानसिकतामा पनि सकरात्मक प्रभाव पर्ने र पुरुषको नकरात्मक दृष्टिकोणबाट पनि जोगिने धारणा रहेको पाइयो ।
- परिवारले तथा समाजले कुनै पारिवारिक सस्कार,धार्मिक तथा सामाजिक क्रार्यक्रममा सहभागी गर्छन कि गर्दैनन भनेर गरिएको अध्ययनमा सबैभन्दा धेरै ४५ जना (८४.९०% )ले गर्छन भनेका थिए भने ८ जना (१५.०९%) ले गर्दैनन भनेका थिए । विधवा महिलाहरुले धार्मिक तथा सांस्कृतिक संस्कारलाई सकरात्मक रुपमा हेर्ने गरेको र त्यस्ता धार्मिक तथा सांस्कृतिक सस्कारमा सहभागी हुदाँ दुख,पिर, चिन्ता आदि कम हुने र मन पनि शान्त र खुशी हुने कारणले धार्मिक कार्यक्रममा सहभागी हुने गरेको पाइयो ।
- उत्तरदाताहरुसगँ विदुरहरुले विधवाहरुलाई विवाह नगर्ने कारणहरुको विषयमा सोध्दा ५ जना (९.४३% ) ले पुरुषको घमण्डका कारणले, ७ जना ( १३.२०%) ले कन्या केटि नै चाहिने भएर,१४ जना (२६.४१%)इज्यत जाने डरले,२७ जना (५०.९४%) ले बालबच्चा स्याहार्ने पिरले गर्दा विधवालाई विवाह नगर्ने कारण भनेको पाइयो । कुनै विदुर पुरुषले आफनी श्रीमति मरिसकेको खण्डमा पनि आफनो घमण्ड ,पारिवारिक संस्कार र परिवारको दवावले नै विधवालाई विवाह गर्न नहुने मान्यता राखेको आफनो समाजमा पनि कुनै बिदुर पुरुषले विधवालाई विवाह गर्ने प्रचलन नभएको

वा नदेखेको धेरैको धारणा रहेको पाइयो ।

- उत्तरदाताहरुसगँ विधवा भैसके पछि के के समस्याको सामना गर्नु पर्दछ भन्ने कुराको अध्ययन गर्दा ८ जना १५.०९%) ले आर्थिक भार , ७ जना (१३.२०%) ले नकरात्मक दृष्टिकोण , १९ जना (३५.८४ ) ले असहयोग , ९ जना (१६.९८%) ले तिरष्कार, घृणा ५ जना (९.४३ %) ले आरोप लगाउने, शकां गर्ने र ५ जना( ९.४३%) ले बालबच्चाको  तथा घरपरिवारको जिम्मेवारी एक्लै लिनु पर्ने समस्याहरु रहेको धारणा व्यक्त गरे । विधवा महिलाहरुले समाज तथा परिवारमा आर्थिक भार सगँसगै सबैको नकरात्मक दृष्टिकोण, असहयोग, तिरष्कार, घृणा, आरोप, शकां गर्ने, बालबच्चाको तथा घरपरिवारको जिम्मेवारी एक्लै लिनु पर्ने जस्ता समस्या रहेको तर कुनै ठाउँमा जाँदा विधवा भएकै कारणले सहानुभुति तथा स्नेह पाउने पनि पाउने गरेको पाइयो ।
- राज्य तथा समाजसगँको अपेक्षाको आधारमा उत्तरदाताहरुको दृष्टिकोण अनुसार १८ जना (३३.९६%) भत्ता बढाउने , १९ जना (३५.८४%) ले तालिम दिने तथा सिप सिकाउने , ९ जना (१६.९८%) रोजगारी दिने र ७ जना (१३.२०%) ले बालबच्चाको शिक्षा तथा स्वास्थ्यमा सहुलियत दिनुपर्ने धारणा व्यक्त गरेको देखियो । विधवा महिलाहरुले राज्य तथा समाजले आर्थिक तथा सामाजिक जिवनमा केहि सकरात्मक परिवर्तनका लागी आवश्यक कदम चालिदिएको खण्डमा धेरै सहयोग र सुबिधा हुने त्यस्तै आफुमा आत्मविश्वास तथा सशक्तिकरण बढ्ने र आर्थिक जीवनमा पनि सुधारात्मक रुपमा परिवर्तन हुने अपेक्षा र आसाहरु व्यक्त गरेका थिए ।
- उक्त तालिका अनुसार अध्ययन क्षेत्रमा विधवा महिलाहरुलाई हेर्नका लागी सकरात्मक परिवर्तन ल्याउनका लागी के के कदम चाल्न जरुरी छ भनेर गरिएको अध्ययनमा २१ जना (३६.६२%) ले समान नियमकानुनहरु बनाउने, १७ जना ( ३२.०७%) ले जनचेतना फैलाउन जरुरी र १५ जना (२८.३०%) ले प्रत्येक ब्यक्तिहरुले आफनै सोच तथा मानसिकतामा परिवर्तन ल्याउन आवश्यक रहेको बताएको पाइयो । विधवा महिलाहरुले अझै पनि समाज सकुंचित रहेको र विधवा प्रतिको दृष्टिकोण अझै पनि सकरात्मक नभएकै कारणले राज्य र समाजले विधवा महिलाहरुलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउनका लागी आवश्यक नितिनिर्माण गर्ने र त्यसको कार्यान्वयन पनि प्रभावकारी रुपमा हुन जरुरी रहेको

सबैको भनाई थियो ।

- उत्तरदाताहरुको पुनर्विवाह प्रतिको सकरात्मक धारणा अनुसार गरिएको अध्ययनमा उनिहरुले युवा अवस्थामा नै विधवा भएका महिलाहरुले पुर्नविवाह गर्दा राम्रो हुने बताउदै उत्तरदाताहरु मध्ये १८ जना (३३.९६%) ले जैविक आवश्यकता पुरा हुने , ११ जना ( २०.७५%) ले छोराछोरीलाई बाबुको स्नेह,मायाममता प्राप्त हुने,१३ जना (२४.५२%) ले एकान्तपन हटने र ११ जना (२०.७५%)दुखसुख बाडने साथि पनि हुने खालको धारणा थियो भने उत्तरदाताहरुको पुनर्विवाह प्रतिको नकरात्मक धारणा अनुसार गरिएको अध्ययनमा विधवा महिलाहरुले पुनर्विवाह गर्दा १९ जना ( ३५.८४%) ले परिवारको इज्यत जाने, १५ जना(२८.३०%)छोराछोरीको घरवार बिग्रने,१३ जना(२४.५२%) ले पाप लाग्ने र ६ जना(११.३२%) ले श्रीमान मरे पनि आफना इच्छा चाहना दबाएरै भए पनि श्रीमानकै सतमा बस्न आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

- *त्यसैगरि मुख्य सुचनादाताहरुः*

**हरि प्रसाद अधिकारी (वडा सचिव), जुना कुमारी खत्री (क्षेत्रीय सचिव महिला एकल समूह), जमुना वर्षा शर्मा (पत्रकार,महिला खबर) र सरिता सुवेदी (कोषाध्यक्षः लायन्स क्लब अफ पोखरा दर्शन)** सगँ गरिएको अर्न्तवार्ताको जवाफमा उहाँहरुको भनाई अनुसार विधवा महिलाहरुको लागि बनेको निति नियम विभेदकारी छ र पूर्णरुपमा समाजले उनीहरुलाई अरु महिला सरहको दर्जा पनि दिन नसकिरहेको अवस्था छ र कतिपय सांस्कृतिक कार्यक्रममा समावेश गर्न सहज छैन र नेपाल सरकारले केही थोरै मात्राको मात्र सामाजिक सुरक्षा भत्ता दिएको छ ।

यसैगरी पूनर्विवाह सम्वन्धि उहाँहरुको धारणा बुझ्दा बाजा बजाएर विवाह गर्ने प्रचलन नभएपनि कहिकतै गर्ने गरेको देखिन्छ र धेरै एकल महिलाहरुले पुनर्विवाह नगर्नुका धारणहरु सन्तानको माया र जिम्मेबारी समाजले सहज रुपमा नस्विकार्ने र आत्मनिर्भर तथा सम्पत्तिमा अधिकार नभएकै कारण बताउनु भयो र एकल महिलाको पुनर्विवाह सम्वन्धि समाज र परिवारले सकरात्मक रुपमा हेरी विधवा महिलाहरुलाई नै चेतना अभिवृद्धि गराउन जरुरी छ र पुनर्विवाह नै समस्याको समाधान नरहेका जस्ता आ-आफ्नो विचारहरु व्यक्त गर्नुभयो ।

## ६.२ निष्कर्ष

पोखरा लेखनाथ महानगरपालिका वार्ड नं ५ का ***विधवा एकल महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन*** त भनेर गरिएको अध्ययनमा निम्न किसिमको निष्कर्ष निकालिएको छ ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका विधवा महिलाहरुका पुनर्विवाह सम्बन्धिको धारणा केहि सकरात्मक तथा केहि नकरात्मक भएको पाइयो । सकरात्मक रुपमा उत्तरदाताले निम्न धारणा ब्यक्त गरे :

विधवा महिलाहरुले अवस्था र परिस्थिति हेरेर पुनर्विवाह गर्नुपर्दछ । यदि युवा अवस्थाका विधवा महिलाहरुले यदि बालबच्चाहरु छैनन भने पुर्नविवाह गर्दा बालबच्चा हुने, एकान्तपन हट्ने, सुख प्राप्त हुने,जैविक आवश्यकता पुरा हुने, जीवन जीउने आधार हुने, सहारा हुने, इच्छा चाहना पुरा हुने कारणले पनि पुनर्विवाह आवश्यक रहेको धारणा ब्यक्त गरे । जवान उमेरमा नै विधवा भाका र यदि उनिहरुका छोराछोरी छन भने पनि असल मानिससँग पुनर्विवाह गर्दा छोराछोरीले पनि वावुको माया,स्नेह प्राप्त गर्ने हुदाँ पुर्नविवाह गर्नु राम्रो भएको र विधवा महिलाहरुका परिवारले पनि उनीहरुलाई छोरी समान व्यवहार गरि असल केटा खोजेर पुनर्विवाह गरिदिनु पर्दछ भन्ने उनिहरुको भनाई थियो ।

उत्तरदाताहरुले नकरात्मक रुपमा निम्न किसिमको धारणा ब्यक्त गरे :

विवाह भन्ने कुरा एकचोटि मात्र गनुपर्दछ र यदि केहि गरी श्रीमानको मृत्यु भएको खण्डमा पनि त्यहि श्रीमानकै सतमा बस्नुपर्ने र कसैले यदि श्रीमान मरिसकेपछि पनि श्रीमानकै सतमा बसेर पुनर्विवाह गरिएन भने श्रीमानले स्वर्गमा पनि सुख पाउँछन भन्ने अभिव्यक्ति दिएका छन । उत्तरदाताहरुको भनाई अनुसार एकचोटि भोगिसकेको कुरा भएर पनि फेरि किन विवाह गर्नु ,छोराछोरीको घरवार बिग्रेको खण्डमा त्यसको जीम्मेवारी को हुने हो भन्ने धारणा ब्यक्त गरे ।

अध्ययन क्षेत्रका विधुवा महिलाहरुले पुनर्विवाह नगर्नुका कारणहरु यस्तो रहेको पाइयो::

- सामाजिक मुल्य, मान्यता र संस्कृती अझै संकुचित हुनु ।
- विधुवा महिलाहरु आर्थिक रुपले सम्पन्न नहुनु ।
- कतिपय विधुवा महिलाहरुको उमेर ढल्कनु ।

- विधुवाका वाल वच्चा हुनु ।
- श्रीमानको मायाले गर्दा उनिहरुको सतमा नै बस्ने चाहना हुनु ।
- असल मानिस नभेट्टाउनु
- विहेवारी भैसकेका छोराछोरीको घरवार बिग्रन्छ भन्ने डर हुनु ।
- विधुवा महिलालाई सामान्यतः केटाहरुले विवाह गर्न नचाहनु आदि कारणहरु प्रष्ट पारेका छन ।

अध्ययन क्षेत्रका विधवा महिलाहरुको आर्थिक अवस्थालाई हेर्दा कोहि बेरोजगार, कोहि छोराछोरीले नोकरी गरेका, कोहीले व्यापार व्यवसाय गरेका, कसैले घरभाडा लगाएर,कोहि विधवा भत्ताले जिविकोपार्जन गर्ने गरेको पाइएको छ । अध्ययन क्षेत्रका एकल महिलाहरु साक्षर मात्रै भएपनि विभिन्न आमासमुह , एकल समुह तथा अन्य सामाजिक कार्यमा आबद्ध रहेको र सम्भव भएसम्म विभिन्न किसिमका तालिम,सेमिनार र गोष्ठिहरुमा सहभागी हुने र आफुले सानै उमेरमा विवाह गरेको हुनाले धेरै दुख पाएको बताउदै आफना छोराछोरीहरुलाई पनि विवाह गर्ने उमेर भैसकेपछि र आफु सक्षम भैसके पछि आफुलाई अनुकुल हुने असल जिवनसाथी खोज्नुपर्दछ भनेर सुझाव दिएका छन । उनिहरुले आफुले श्रृगांर तथा रातो वस्त्र प्रयोग नगरे पनि अरु विधवा महिलाहरुलाई आफनो इच्छा, चाहना अनुसार लगाउन हुने र लगाउदा अरुले पनि सकरात्मक रुपमा हेर्ने वताएका छन । उनिहरुका आफना छोरी ,बुहारी विधवाहरुलाई पनि पुनर्विवाह गर वा गर्नुपर्दछ भनेर सम्झाएको र हौसला दिएको बताएका छन ।

समग्रमा भन्दा पुनर्विवाह भनेको एक अभियान जस्तै हो, कुनै पनि विधवा महिलाहरुको भविष्यलाई सकरात्मक परिवर्तन दिनका लागी पुनर्विवाह मात्रै समस्याको समाधान नभएको भनेर मानसिक समस्या भोगीरहेका विधवा महिलाहरुलाई उनिहरुले पुनर्विवाह प्रति जुन धारणा राखेका छन त्यसलाई मुर्त रुप दिनका लागी सबभन्दा पहिला घरपरिवार र समाजले जुन नकरात्मक धारणा तथा मानसिकता (विधवा महिलासगँ विवाह गर्न नहुने, विधवा महिलाले पनि पुरुष साथि बनाउन नहुने आदि) राखेका छन त्यो परिवर्तन गर्नुपर्छ वा तोड्नु पर्छ । र यस्तो आमुल परिवर्तन गर्नका लागी महिला पुरुष समान भएर लाग्न जरुरी छ ।

# सन्दर्भसामग्री


अधिकारि, शेषराज, घिमिरे हरिहर (२०५९),***नेपाली समाज र सस्कृति,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

के.सी, सुरेन्द्र, (२०५५), ***प्राचिन र मध्यकालिन नेपाल***, काठमाण्डौ,पैरवी प्रकाशन तथ्याकं कार्यालय,कास्की पोखरा,२०७४

थापा, लिलि (२०६२)***,नेपालमा एकल महिलाको स्थिति,एक अध्ययन***, काठमाण्डौ मानव अधिकारका लागि महिला, एकल महिला समुह ।

दाहाल, बिजया (२०७१), ***सामाजिक घेरा भित्रकी एकल महिला,*** नारी, इकान्तिपुर ।

पण्डित,चतुर्वेदी,ज्वाला प्रसाद (१९९६)***मनुस्मृति*** : रणधिर प्रकाशन पब्लिकेशन

शर्मा,जनकलाल,***हाम्रो समाज एक अध्ययन***, साझा प्रकाशन,२०३९

श्रेष्ठ, डा. केशवराज ,आचार्य बलराम(२०६७), ***सामाजिक संस्थां र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,*** नेशलन बुक सेन्टर

Gilman Perkins Charlotte (1898), ***Women and Economic***

Hooks, bell (1985), ***Feminist Theory, From Margin to Center***

Lohani, Shrijana (2010), ***Gender Based Violence (GBV) Against Widows in Nepal***

Ministry of Women, Children and Social Welfare (MWCS) ( 2014***), National Review on the Implementation of the Beijing Declaration and Platform for Action*** (1995) and ***The Outcomes of the Twenty-Third Special Session of the General Assembly*** (2000)

Paudel, Mina (2008). ***A Study on Social-Economic and Demographic Structure of Single Women (Widows)***, Unpublished Dissertation of TU, Kathmandu.

Ritzer,J. (2000),***Sociologycal Theory*** ,5th Edition,New Dillhi: Myagrohil Company

Samakon, *Program Discussing the Issues of Digamy of Single Women and Social and Family Norms and Values* Kantipur TV, Jan 20, 2017.

Sharma Paudel ,Govinda (2069) ***An Introduction to Family Law ,*** MM Publication, Kathmandu.

Singh & Shrestha N, (2006), ***A Socio Cultural Status of Single Women in Nepal,*** "Hamro Sansar, A World of Own issue no.5 page 60.

Thapa, Lili (13 July 2016). ***Nepali Widows: Changing Colours, Changing Mindsets*** , Open Democracy 50.50

Thapa, Lili (2062), ***Journey of Single Women and Feelings*** (Yekal Mahilasangaka Sahayatrako Anubhuti).

Un Report - 1975, ***UN Decate for Women*** *1975-85*, Declaration.

Wollstonecraft (1792), ***Mary Vindication of the Rights of Woman***: with Strictures on Political and Moral Subjects.

# अन्तरवार्ताको नमुना प्रश्नावली

## अनुसुचि १

**सामान्य परिचय**

उत्तरदाताको नाम, थर.....................................................................

**ठेगानाः** (स्थायी).......................................................(अस्थायी)..................

१. उमेर

क) २० बर्ष भन्दा कम ख) २०–३० ग) ३०–४० घ) ४० भन्दा माथि

२. धर्म

क) हिन्दु ख) बौद्ध ग) ईस्लाम ङ) क्रिश्चयन च) अन्य

३. शिक्षा

क) निरक्षर ख) प्राथामिक ग) माध्यामिक घ) उच्च शिक्षा

४. जातजाति

क) ब्रामहण ख) क्षत्री ग) जनजाती घ) दलित ङ) अन्य

५. एकल (विधवा)हुदाँको उमेर

क) ३० बर्ष भन्दा कम ख) ३० बर्ष भन्दा माथि

६. बाल बच्चा

क) छन ख) छैनन

७. तपाइको परिवारमा घरमुलि को हुनुहुन्छ?

क) ससुरा ख) सासु ग) आफै घ) अन्य सदस्य

८. श्रीमानको मृत्यु के कारणले गर्दा भएको नी ?

क) दुर्घटना ख) कालगति ग) आत्महत्या घ) दिर्घ रोग

९. तपाइको विवाह कस्तो प्रकारको विवाह हो ?

क) मागी विवाह ख) प्रेम विवाह ग) अन्य

१०. तपाइको परिवारको किसिम कस्तो छ ?

क) सयुक्तं ख) एकल

११. तपाईको स्वास्थ्य स्थिति कस्तो छ?

क) रोग लागेको छ ख) रोग लागेको छैन

१२. परिवार सचांलनको लागि प्रमुख आयस्रोत के हो?

क) कृषि ख) नोकरी ग) व्यापार घ) अन्य

१३. तपाई सामाजिक क्रियाकलापमा सलंग्न हुनुहुन्छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि हुनुहुन्छ भने उल्लेख गर्नुहोस् ।

१४. समाज तथा परिवारको महत्वपुर्ण निर्णयहरुमा तपाइको भुमिका कस्तो हुन्छ ?

क) महत्वपुर्ण ख) सामान्य ग) हुदैन

१५. तपाइको बिचारमा विधवाले रातो बस्त्र र श्रींगारका बस्तु लगाउन हुन्छ कि हुदैन?

क) हुन्छ ख) हुदैन ग) थाहा छैन

१६. तपाइको बिचारमा पुर्नबिवाह गर्नु कस्तो हो?

क) उचित ख) अनुचित ग) अपराध वा पाप

यदि उचित हो भने किन आवश्यक छ उल्लेख गर्नुहोस ।

१७. धार्मिक तथा सांस्कृतिक संस्कारमा सहभागी गर्छन कि गर्दैनन ?

१८. विदुर पुरुषले विधवाहरुलाई नै विवाह गर्ने सोच नभएको बारे धारणा के छ ?

१९. एकल महिला हुनु भन्दा अघि र पछिको अवस्था सम्वन्धमा के भन्नु हुन्छ ?

२०. राज्यले विधवा महिलाहरुलाई दिएको सामाजिक सुरक्षा भत्ताले तपाइको जीवनस्तरमा कस्तो सहयोग हुन्छ ?

२१. तपाइको बिचारमा विधवा महिलाहरुले समाज तथा परिवारमा भोग्नुपरेका समस्याहरु के के हुन?

२२. विधवा महिलाको सम्वन्धमा राज्य तथा समाजको भुमिका के हुनु पर्दछ ?

२३. अन्त्यमा विधवालाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउन के गर्नुपर्ला, तपाइको भनाइ के छ ?

**तपाईहरुको अमुल्य सुचना,जानकारी र महत्वपुर्ण सुझावका लागि**

**धन्यबाद**................................

# अनुसुची-२

**अध्ययन क्षेत्रका समाजसेवी,प्रतिष्ठित व्यक्तिहरुका अन्तरवार्ताका लागि तयार गरिएको प्रश्नावली**

नामथर :.........................................................................

ठेगाना :(स्थायी)......................................................... पेशाः.................

१. हाम्रो समाजमा विधवा महिलाहरुको सामाजिक अबस्था कस्तो पाउनु भयो ?

२. नेपालका महिलाहरुको पुनर्विवाहको प्रचलन छ वा छैन, छैन भने यो प्रचलन बढाउन के गर्नुपर्ला ?

३. महिलाहरुको पुनर्विवाहको संख्या कसरी बृद्धि गर्न सकिएला ?

५. विधवाहरुको पुनर्विवाहका लागि सरकारको तर्फबाट गरिएका सकारात्मक विभेद सम्बन्धी व्यवस्थाहरू के कस्ता छन्, ती पर्याप्त छन् वा छैनन् ? छैनन् भने के गर्नु पर्ला ?

६. महिला पुनर्विवाह सम्बन्धी महिला सहभागिता अभिवृद्धिका लागि के कस्ता चुनौतीहरु रहेको देख्नुहुन्छ ?

**तपाईहरुको अमुल्य सुचना, जानकारी र महत्वपुर्ण सुझावका लागि**

**धन्यबाद....................................**